का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ असार २०८०,
बिहीबार
22 June 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १४७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# न्याय खोज्दै उपप्राध्यापक चलाउने

उपप्राध्यापक चलाउनेमाथि २०७७ असोज २० मा त्रिवि परिसर कीर्तिपुरमा आक्रमण गरेको आरोप लागेका नेविसंघका हरि आचार्य, योगेन्द्र रावलसहित पाँच जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा थियो । तर उक्त मुद्दा सरकारले फिर्ता लिएको छ ।

> भाँचिएको दाहिने तिघ्रामा तीन वटा स्टिल राखिएको छ। कोल्टो फर्केर सुत्न गाह्रो हुन्छ। अहिले पनि सपनामा तीन/चार जना आएर कुटेको/कुटाइ खाइरहेको देख्छु।
>
> **प्रेम चलाउने**
> उपप्राध्यापक
> त्रिभुवन विश्वविद्यालय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असार ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउने पछिल्लो समय आम चासोको विषय बनेका छन् । कारण - उनी कुटपिटमा परे । कुटपिट गर्नेविरुद्धको मुद्दा सरकारले फिर्ता लियो । आफूविरुद्ध आक्रमण गर्ने व्यक्तिउपरको मुद्दा फिर्ता लिने सरकारको निर्णयविरुद्ध उनी न्याय खोज्दै सर्वोच्च अदालतको ढोका ढकढ्याउन पुगेका छन् ।

आफूमाथि सांघातिक आक्रमण गर्ने नेविसंघका कार्यकर्ताविरुद्धको मुद्दा फिर्ता लिने सरकारको निर्णय बदरको माग गर्दै उनले बुधबार सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका हुन् । उक्त रिटको बिहीबार पेसी तोकिएको छ ।

त्रिभुवन विश्वविद्यालयका समाजशास्त्रका उपप्राध्यापक चलाउनेमाथि २०७७ असोज २० मा त्रिवि परिसर कीर्तिपुरमा आक्रमण गरेको आरोप लागेका नेविसंघका हरि आचार्य, योगेन्द्र रावलसहित पाँच जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा थियो । तर, उक्त मुद्दा सरकारले फिर्ता लिएको छ । जसविरुद्ध चलाउने अनशन बस्ने भन्दै गत सोमबार जिल्ला अदालत पुगेका थिए । उनीसहितलाई प्रहरीले नियन्त्रणमा लिएर छाडेको थियो ।

आक्रमणका कारण चलाउनेले वैसाखीको सहारा लिनुपरेको छ । वैसाखी टेक्दै मुश्किलले भित्र-बाहिर गर्न सक्ने उनको भाँचिएको दाहिने तिघ्रामा तीन वटा स्टिल राखिएको छ । कोल्टो फर्केर सुत्न गाह्रो हुने उल्लेख गर्दै उनी भन्छन्, 'अहिले पनि तीन/चार जना आएर कुटेको/कुटाइ खाइरहेको सपना देख्छु ।'

■ मानो रोपौं, मुरी फलाऔं,
■ खेतीयोग्य जमिन बाँझो नछोडौं,
■ पसिना बगाऔं, समुन्नत बनौं,
■ आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जिल्ला अदालतको क्षेत्राधिकार विस्तार

जिल्ला अदालतको क्षेत्राधिकार विस्तार गर्दै सरकारले साइबर क्राइम र बैंकिङ कसुरका मुद्दा जिल्ला अदालतमा समेत चलाउन सकिने निर्णय लिएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ असार ।

जिल्ला अदालतको क्षेत्राधिकार विस्तार भएको छ । सरकारले साइबर क्राइम र बैंकिङ कसुरका मुद्दा जिल्ला अदालतमा समेत चलाउन सक्ने गरी जिल्ला अदालतको क्षेत्राधिकार विस्तार गरेको हो ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले साइबर क्राइम र बैंकिङ कसुरका मुद्दामा जिल्ला अदालतहरूलाई नै सुरू कारबाही र किनारा लगाउने अधिकार दिएको छ । यो संगै साइबर क्राइम र बैंकिङ कसुरका मुद्दामासमेत जिल्ला अदालतको क्षेत्राधिकार भित्र परेको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा सरकारले विद्युतीय कारोबार ऐन २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ का कसुरहरूको सुरू कारबाही र किनारा लगाउने अधिकार सबै जिल्ला अदालतलाई दिने निर्णय गरेको हो ।

ऐनले त्यस्ता मुद्दामा न्यायिक कार्य गर्न सरकारले न्यायाधिकरण गर्नुपर्ने नभए कुनै निश्चित अदालतलाई त्यस्तो अधिकार दिन सक्ने व्यवस्था गरेको छ । तर, मन्त्रिपरिषद् बैठकले ऐनको दफा ६० (५) बमोजिम न्यायाधिकरण गठनको सट्टा सबै जिल्ला अदालतहरूलाई त्यस्तो अधिकार दिएको हो । त्यस्तै, सरकारले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमका कसुरहरूमा समेत सुरू कारबाही >>> पृष्ठ २ मा



> सबैतिरबाट यही मुद्दा ल्याउनुपर्दा खर्च बढ्ने र प्रक्रिया झण्झटिलो हुने भएकाले सबै जिल्ला अदालतले मुद्दा हेर्ने गरी प्रक्रिया अघि बढाइएको हो । यसले सर्वसाधारणलाई सजिलो हुनेछ ।
>
> **रेखा शर्मा**
> **प्रवक्ता, नेपाल सरकार**

## चलाउनेको पक्षमा त्रिविका उपकुलपतिहरु

त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपतिहरू विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेको पक्षमा उत्रिएका छन् । चलाउनेमाथि कुटपिट गर्ने विरुद्धको मुद्दा फिर्ता लिने सरकारको निर्णयलाई आपराधिक कार्यको रुपमा व्याख्या गर्दै उनीहरुले उक्त निर्णय फिर्ता लिन सरकारसँग माग गरेका छन् ।

बुधवार पूर्व उपकुलपतिहरू अर्जुन कार्की, कमलकृष्ण जोशी, त्रिरत्न मानन्धर, खगेन्द्र भट्टराई, तोरणबहादुर कार्की, नवीनप्रकाश जङ्ग शाह, महेशकुमार उपाध्याय, हिराबहादुर महर्जन र केदारभक्त माथेमाले संयुक्त विज्ञप्ति जारी गर्दै यस्तो माग गरेका हुन् ।

'त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्री प्रेम चलाउनेलाई विश्वविद्यालय हाताभित्रै मरणासन्न हुने गरी कुटपिट गर्ने नेविसंघका विद्यार्थीहरूमाथि चलाइएको तथा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको कुटपिट गरी ज्यान मार्ने उद्योगको मुद्दा सङ्घीय सरकारको मन्त्रिपरिषद्ले गत ज्येष्ठ ३० गते फिर्ता लिने गरी गरेको निर्णय निन्दनीय छ', पूर्व उपकुलपतिहरूले भनेका छन्, 'शैक्षिक संस्थामा अनुशासनहीनता, अमर्यादित एवं आपराधिक कार्यहरूलाई प्रोत्साहन गर्ने मन्त्रिपरिषद्को उक्त निन्दनीय निर्णयबाट सरकार स्वयं अपराधको पक्षपाती भएको देखिन्छ ।'

उनीहरुले प्रेम चलाउनेप्रति ऐक्यबद्धता समेत जनाएका छन् । विज्ञप्तिमा भनेका छन्, 'मुद्दा फिर्ता लिने सङ्घीय सरकारको निर्णय तुरुन्त फिर्ता लिइयोस् भन्ने हामी पूर्व उपकुलपतिहरू माग गर्दछौं र गत आषाढ ११ गते सोमवारदेखि आमरण अनशनमा रहनुभएका श्री प्रेम चलाउनेप्रति ऐक्यबद्धता जनाउँछौं ।'

## सांसदहरूको चर्को विरोध



> उपप्राध्यापक चलाउनेलाई कुटपिट गरी नेविसंघका कार्यकर्ताले फालेका थिए । कसैले उद्धार गरेर अस्पताल पुऱ्याएकाले बाँचे । मुद्दा चलिरहेको थियो, सरकारले फिर्ता लिएछ । सुशासन माग्न कहाँ जाने ? कहाँबाट सुरक्षित हुने हो ?
>
> ■ **सुनिता बराल**
> **सांसद, एमाले**

प्रेम चलाउनेलाई कुटपिट गर्ने विरुद्धको मुद्दा सरकारले फिर्ता लिएको विषयमा संसदमा सांसदहरूले चर्को विरोध गरेका छन् । प्रतिनिधिसभाको बैठकमा नेकपा एमालेकी सांसद मेनका पोखरेलले भनिन्, 'प्रेम चलाउने आक्रमणको मुद्दा सरकारले फिर्ता लिएको समाचार आएको छ । सरकारले विश्वविद्यालयलाई रणमैदान बनाउन खोजेको हो कि संस्थाको विकास गर्न खोजेको ?'

यस्तै, एमालेकै सांसद सुनिता बरालले प्रेम चलाउनेमाथि अन्याय भएको बताइन् ।

'उपप्राध्यापक प्रेम चलाउनेलाई कुटपिट गरी नेपाल विद्यार्थी संघका कार्यकर्ताले फालेका थिए । कसैले उद्धार गरेर अस्पताल पुऱ्याएकाले बाँचे । मुद्दा चलिरहेको थियो तर अहिले सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेछ । सुशासन माग्न कहाँ जाने ? कहाँबाट सुरक्षित हुने हो ?,' उनले प्रश्न गरिन्, 'सरकारले सबै न्यायालय बन्द गर्न खोजेको हो ? नेपाली जनतालाई राज्य छैन भन्ने सन्देश दिएको हो ?'

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगार क्षेत्रप्रति परराष्ट्र असहयोगी रहेको चर्को गुनासो



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार

सरोकारवालाहरूले वैदेशिक रोजगार क्षेत्रलाई सकारात्मकरूपमा अघि बढाउन परराष्ट्र मन्त्रालयले आवश्यक पहल नगरेको गुनासो गरेका छन् । श्रम बजारमा आउने जनशक्तिलाई आन्तरिक रोजगारीका पर्याप्त अवसर नभएको र रेमिट्यान्सले अर्थतन्त्रमा मुख्य भूमिका निभाएको अवस्थामा परराष्ट्र मन्त्रालयले आफ्नो जिम्मेवारी ननिभाउँदा या वैदेशिक रेजगार क्षेत्रलांई हेयको दृष्टिले व्यबहार गरिदिंदा बेरोजगार युवायुवतीले आकर्षक मानिएको युरोपेली मुलुकको रोजगारी गुमाएर निरन्तररूपमा खाडी र मलेसिया जान बाध्य भएको उनीहरूको भनाइ छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा हालै सरुवा भएर आएका सचिव केवलप्रसाद भण्डारीलाई >>> पृष्ठ २ मा

### कतारस्थित नेपाली दूतावासमा मोलतोल र ढिलासुस्ती !

काठमाडौं/मस- विदेशस्थित नेपाली दूतावासहरू द्विपक्षीय सम्बन्ध र आर्थिक कूटनीतिका माध्यम हुन् । दूतावास विदेशमा रहेका नेपालीका अविभावक पनि हुन् । तर विदेशस्थित नेपाली दूतावासहरूमा कार्यरत कर्मचारीलाई परराष्ट्र मन्त्रालयले पर्याप्त मार्गदर्शन गर्न नसक्दा नेपाली नियोगहरू बेथितिका पर्याय बन्ने गरेका छन् । पछिल्लोपटक कतार स्थित नेपाली दूतावासमाथि गुनासो >>> पृष्ठ २ मा

## सुल्झिएन राहादानी समस्या

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्रीको कार्यभार सम्हाल्दै गर्दा राहादानीको समस्यालाई उच्च प्राथमिकतामा राखेर समाधान गर्ने दाबी गरेका थिए । जसका लागि उनले विभिन्न निकायलाई परिपत्र गरेर राहदानी विभागमा लागेको भीड हटाएर सहजै पासपोर्ट पाउने वातावरण मिलाउन पनि निर्देशन दिएका थिए ।

'जनताले ठाउँठाउँमा पाइरहेका सास्ती र दुःखहरूलाई कम गराउनेबारे, जस्तो लाइसेन्स सम्बन्धी विषयमा लामालामा लाइन र पीडा देखिएका छन् । त्यस विषयमा केन्द्रित भएर समयभित्रै नियन्त्रण गर्ने र प्रधावकारी ढंगले सेवा दिनेबारे निर्णय गरेका छौं,' उनले भनेका थिए । तर उनको निर्देशन भने बोलीमा मात्रै सीमित भएको छ । सहज तरिकाले समयमा पासपोर्ट पाउन सांसदहरुले नै नसकेपछि उनको निर्णयको आलोचना भएको हो ।

'एउटा पासपोर्ट बनाउन नै नागरिकले ५० हजारसम्म खर्च गरेका छन् । काठमाडौं आएर १५ देखि २० दिन बसेर लाइन लागेर पालो नै नपाएर पनि फिर्ता भएका छन् कतिपय युवा । अनि हामीलाई फोन गर्दै भन्छन्, तपाईं माननीय भएकाले यति त गरिदिनुस्' नेकपा एमालेकी सांसद सम्झना थपलियाले भनिन् । उनले राहादानी बनाउन बिचौलियाको साथ लिनुपरेको र चार महिनासम्म पनि पालो नआएको गुनासो गरेकी हुन् ।

उनीमात्रै होइन, नेपाली कांग्रेसका सांसद उदयशमशेर जबरा सांसदहरुले >>> पृष्ठ २ मा

**काठमाडौं महानगरको नीति तथा कार्यक्रम**

## टुकुचामा गर्व, सुकुम्बासी बस्तीमा नजर

समग्रमा नीति तथा कार्यक्रममा १० वटा महानगर गौरवका योजना, केही स्वर्णिम योजना घोषणा गरिएको छ । महानगरको गौरव बढाउन अधिकतम जनसंख्या लाभान्वित हुने १० वटा योजनालाई महानगर गौरवका योजना भनिएको छ ।



> नदी नालामाथि अतिक्रमण गरी बनाइएका अनधिकृत भवन संरचनाहरु हटाइ नदीको बहावक्षेत्र, दायाँ बायाँको सार्वजनिक क्षेत्र संरक्षण गर्नुका साथै नदी करिडोरको विकासमा अग्रसरता लिइएको छ ।
>
> ■ **बालेन शाह**
> **मेयर, काठमाडौं महानगरपालिका**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि नीति तथा कार्यक्रम ल्याएको छ । महानगरपालिकाका मेयर बालेन शाहले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा टुकुचामा गर्वानुभुति प्रकट गरिएको छ भने सुकुम्बासी बस्ती हटाउने कार्यलाई निरन्तरता दिने घोषणा गरेको छ ।

नीति तथा कार्यक्रममा भनिएको छ, 'टुकुचा खोलाको बहाव क्षेत्रलाई खुल्ला गर्न भएको प्रयासबाट नदिको खुला हुन पाउने स्वभाविक, प्राकृतिक र कानूनी अधिकार स्थापित भएको छ ।'

तर, सुकुम्बासी बस्ती शब्द उच्चारण नगरी सुकुम्बासी बस्ती हटाउने कार्य निरन्तर जारी रहने घोषणा नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

सुकुम्बासी बस्तीबारे नीति तथा कार्यक्रममा भनिएको छ, 'नदी नालामाथि अतिक्रमण गरी बनाइएका अनधिकृत भवन संरचनाहरु हटाइ नदीको बहावक्षेत्र, दायाँ बायाँको सार्वजनिक क्षेत्र संरक्षण गर्नुका साथै नदी करिडोरको विकासमा अग्रसरता लिइएको छ ।' >>> पृष्ठ २ मा

# हिसान शैक्षिक मेला नरोक्न उच्च अदालतको आदेश




**काठमाडौं/मस**-हिसान शैक्षिक मेला नरोक्न उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको छ ।

काठमाडौं महानगरपालिकाले मेला बन्द गराएपछि उच्च माध्यमिक विद्यालय एशोसिएसन (हिसान) त्यसविरुद्ध अदालत गएको थियो ।

न्यायाधीश टेकप्रसाद ढुंगाना र रमेश ढकालको इजलासले हिसानको पक्षमा अन्तरिम आदेश दिएको उच्च अदालत पाटनकी प्रवक्ता मन्दिरा शाहीले जानकारी दिइन् ।

उच्च अदालतले संघीय सरकारबाट अनुमति लिइसकेको कार्यक्रमका लागि स्थानीय तहको अनुमति नचाहिने भएकाले मेला नरोक्न अन्तरिम आदेश दिएको हो ।

३२ जेठदेखि भृकुटीमण्डपमा शुरु भएको शैक्षिक मेलामा ७५ वटा शैक्षिक संस्थाले स्टल राखेका थिए । तर काठमाडौं महानगरको नगर प्रहरीले स्वीकृति विपरीत मेला सञ्चालन गरेको भन्दै पहिलो दिन नै बन्द गराएको थियो ।

## जिल्ला...

र किनारा गर्ने अधिकार जिल्ला अदालतहरूलाई दिने निर्णय गरेको छ। मन्त्री शर्माका अनुसार सरकारले ऐनको दफा १७ को उपदफा १ बमोजिम सो निर्णय गरेको हो ।

सो ऐनको दफा ३ (ग) मा आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिन माग गर्न नहुने भन्ने उल्लेख छ । सबै जिल्ला अदालतलाई यी मुद्दा हेर्ने अधिकार दिँदा सर्वसाधारणलाई सजिलो पर्ने सरकारको विश्वास रहेको सरकारको प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा बताउँछिन्। उनी भन्छिन्, 'सबैतिरबाट यही मुद्दा ल्याउनुपर्दा खर्च बढ्ने र प्रक्रिया झण्झटिलो हुने भएकाले सबै जिल्ला अदालतले मुद्दा हेर्नेगरी तोक्ने प्रक्रिया अघि बढाउन खोजिएको हो । यसले सर्वसाधारणलाई सजिलो पर्नेछ ।'

कानुन मन्त्रालयका प्रवक्ता फणिन्द्र गौतम साइबर अपराधका मुद्दा बढ्न थालेपछि काठमाडौंमा मात्र मुद्दा हेर्दा झञ्झटिलो हुन थालेको बताए । यसका लागि सरकारले जिल्ला अदालतको क्षेत्राधिकार विस्ता गरेको उनको भनाइ छ ।

## वैदेशिक...

स्वागत एवम् शुभकामना प्रदान गर्न आयोजना गरेको कार्यक्रममा मन्त्रालयका सचिवदेखि वैदेशिक रोजगार व्यवसायीले उक्त धारणा राखेका हुन् । वैदेशिक रोजगार व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई परराष्ट्र मन्त्रालयले अपेक्षित सहयोग नगरेको गुनासो धेरै अगाडिदेखि छ। केही दिनअघि मन्त्रालयबाट प्रधानमन्त्री कार्यालय सरुवा भएर गएका तत्कालीन सचिव एकनारायण अर्यालले पनि श्रम मन्त्रालयले स्वतन्त्र मन्त्रालयका रूपमा काम गर्न नसकेको भन्दै परराष्ट्र मन्त्रालयको भूमिकामाथि असन्तुष्टि पोखेका थिए। कार्यक्रममा संघका अध्यक्ष राजेन्द्र भण्डारीले श्रम मन्त्रालयले अनलाइनबाट मागपत्र प्रमाणीकरण गर्न सकिने व्यवस्था गरी निर्देशिका संशोधनको प्रक्रिया अघि बढाएकोमा विगत ६ महिनादेखि परराष्ट्र मन्त्रालयमा थन्किएको र त्यसमा तत्कालीन मुख्य सचिव शंकरदास बैरागीसहित परराष्ट्र मन्त्रालयका अधिकारीहरूको भूमिका जिम्मेवार रहेको गुनासो राख्दै त्यसमा सहजीकरण गरिदिन सचिव भण्डारीलाई आग्रह गरे ।

अध्यक्ष भण्डारीले भने, 'युरोपेली मुलुकमा बेलायत, जर्मनी र अष्ट्रिया गरी तीन वटा देशमा नेपाली दूतावास छन्, ती देशमा रहेका दूतावासले मागपत्र प्रमाणीकरण नगर्दा नेपाली युवायुवती असुरक्षितरूपमा जान बाध्य भएका छन् । तर ६ महिना भयो, परराष्ट्र मन्त्रालयले मागपत्र प्रमाणीकरण निर्देशिका संशोधनको प्रक्रिया गायब बनायो। हामीले दुई पटक परराष्ट्रमन्त्रीलाई भेटिसक्यौं, तर पनि असहयोगी भावनामा सुधार देखिएको छैन ।'

यस वर्ष करिब ७ लाख नेपाली वैदेशिक रोजगारीमा जाने र त्यसको ८८ प्रतिशत खाडी र मलेसिया केन्द्रित रहेकाले त्यसलाई युरोपेली मुलुकमा डाइभर्ट गर्न परराष्ट्र मन्त्रालय सकारात्मक हुन जरुरी रहेको बताउँदै अध्यक्ष भण्डारीले म्यानपावर कम्पनीमार्फत युरोपमा श्रमिक पठाउन सके भिजिट भिसाको आवरणमा जाने क्रम रोकिने र ठगीसमेत नियन्त्रण हुने बताए ।

त्यसैगरी अध्यक्ष भण्डारीले इजाजत नवीकरण गर्न सय जना कामदार पठाउने बाध्यताको अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमार्फत अघि बढाएको भएपनि उक्त विधेयक हालसम्म संसदमा टेबुल नभएको र अबको तीन हप्तामा विधेयक पारित हुन नसक्ने भएकाले यसअघि जस्तै मन्त्रिपरिषदबाट बाधा अड्काउ फुकाउ आदेश जारी गराउनका लागि पहल गर्न सचिव भण्डारीलाई आग्रह गरे ।

उनले अव्यवहारिक प्रमाणित भएको शून्य लागत कार्यान्वयन नभएकाले फिलिपिन्सको जस्तै व्यवसायीले एक महिनाको तलब सेवा शुल्क लिन पाउने व्यवस्थाका लागि पनि सचिव भण्डारीबाट पहलकदमीको अपेक्षा गरिएको बताए ।

संघका पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालले पनि निरन्तर सुधारका नीतिगत पहल गर्न श्रम मन्त्रालय स्वायत्त हुन नसकेको अनुभूति भएको भन्दै उद्धारलगायतका काम सधैं ओझेलमा परेको टिप्पणी गरे ।

उनले भने, 'वैदेशिक रोजगारलाई व्यवस्थित गरी फिलिपिन्सको मोडलमा जाने हो भने मन्त्रालय स्वायत्त हुनुपर्नेछ । हालै म जापान गएर त्यहाँको मागपत्र प्रमाणितबारे नेपाली दूतावासको पत्र अझैसम्म श्रम मन्त्रालय नआएको देखिएको छ । जापानमा नेपालीका लागि अवसर छ, बिना लगानी डेढ लाख तलब छ, तर प्रगति हुन सकेको छैन । रेमिट्यान्स देशका लागि प्रमुख पक्ष हो भने यसका लागि श्रममन्त्री तथा परराष्ट्रमन्त्री र दुवै मुलुकका अधिकारीसहित प्रधानमन्त्री कार्यालयमा छलफल हुन जरुरी छ।'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले सरकारले ल्याएको शून्य लागत अव्यवहारिक रहेको भन्दै कामदारको लागत परिभाषित हुनुपर्ने माग गरे ।

उनले नेपालबाट संस्थागतरूपमा कामदार जान नपाउँदा कतार, यूएई र भारतको नयाँ दिल्ली नेपाली कामदारका भर्ना स्थलमा परिणत भएको भन्दै पूर्वी युरोपेली देशमा अलेखबद्ध नेपालीको समस्याको समाधान नभए ती देश र नेपालको द्वन्द्व बढ्ने खतरा रहेकोमा सरकार सचेत हुन नसकेको बताए।

खनालले भने, 'रोमानियालगायतका पूर्वी युरोपमा अनडकुमेन्ट भएका महिला तथा पुरूषलाई बधुँवा मजदुर र जबर जस्ती बेश्यावृत्तिमा लगाउने प्रवृत्ति डरलाग्दो रूपमा रहेको छ । युरोपमा छिरेको नेपाली फर्केको छैन, तर सरकार त्यसबारेमा बेखबर छ ।'

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले युरोपेली देशमा हाल नेपालीका लागि कम्तीमा ४० हजार माग रहेको भन्दै त्यहाँ पुगेका सयमध्ये ३० प्रतिशत मात्रै म्यानपावर कम्पनीबाट गएको बताए। उनले पनि अवैधानिकरूपमा जानेलाई प्रोत्साहन गर्न मागपत्र प्रमाणित नगर्ने गलत प्रवृत्ति प्रोत्साहित भएकाले त्यसलाई तत्कालै रोक्नुपर्ने माग गरे ।

वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किसन प्रधानले घरेलु कामदारका सम्बन्धमा सरकारले लिएको नीति प्रत्युत्पादक ठहरिएको भन्दै महिलाको सुरक्षा र लैंगिक विभेद नहुने गरी स्थायी दृष्टिकोण बनाउन सचिव भण्डारीको ध्यानाकर्षण गराए ।

जवाफमा सचिव भण्डारीले यस वर्ष वैदेशिक रोजगारीका लागि सात लाख हाराहारी र अध्ययनका लागि भारतमा बाहेक दुई लाख विदेश जाने र रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मुल आधार भएकाले कामदारको सुरक्षा हुने गरी सुधारका काम अघि बढाउने भनाइ राखे ।

परराष्ट्र मन्त्रालयलगायतबाट आवश्यक सकारात्मक सहयोग श्रम मन्त्रालयले नपाएको गुनासो आफूलाई पनि सुनाइएको भन्दै सचिव भण्डारीले प्रधानमन्त्री कार्यालयमा श्रम, परराष्ट्र र कानून मन्त्रालयका अधिकारी सम्मिलित बैठकको आग्रह गरिएको जानकारी दिए ।सचिव भण्डारीले आफू मन्त्रालयमा सरुवा भएर आएपछि युरोपमा समस्या, खाडीमा घरेलु कामदार समस्या, युरोपेली मुलुकको मागपत्र प्रमाणीकरण ढिलाइजस्ता समस्याले रोजगारीमा जाने कामदार प्रभावित भएको विषयमा जानकारी आएको भन्दै परराष्ट्र मन्त्रालयले प्रमाणीकरणको जिम्मेवारी पूरा गर्न नसके जिम्मेवारी छोड्नु राष्ट्रको हितमा हुने बताए ।

आफ्नो निजामती सेवाको अन्तिम वर्षमा श्रम मन्त्रालयको जिम्मेवारी पाएको भन्दै सचिव भण्डारीले दीर्घकालीनरूपमा सकारात्मक असर ल्याउने काम गर्न चाहेको बताए। उनले अदृश्य लेनदेन रोकेर पारदर्शिता अपनाउन व्यवसायीहरूलाई सुझावसमेत दिए । त्यस अवसरमा संघका सल्लाहकारहरू शितल यादव, सुवर्ण श्रेष्ठ, वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटा, वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाजका अध्यक्ष अमृत विश्वकर्मा, वैदेशिक रोजगार तामाङ व्यवसायी समाजका महासचिव तिलकबहादुर तामाङसहित संघका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

# अतिरिक्त हुलाक खारेजीको विरोधमा गौरमा प्रदर्शन




**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ६ असार

नेपाल अतिरिक्त हुलाक कमचारी एशोसिएसन जिल्ला समिति रौतहटले अतिरिक्त हुलाक खारेजीको विरोधमा प्रदर्शन गरेका छन् । लामो समयदेखि कार्यरत कर्मचारीलाई रोजगारीबाट हटाउन पाइदैन जस्ता नारासहित गौरबजार परिक्रमा गरेका थिए । हुलाक सेवाको पुनर्संरचना गर्न समेत उनीहरुले माग रेका छन् । जिल्लाका सबै जसो पालिकाबाट सदरमुकाम गौर हुलाक कार्यालयमा भेला भइ अतिरिक्त हुलाक खारेजीकोविरुद्धमा जुलुस प्रदर्शन गरेको अतिरिक्त हुलाक कर्मचारी आन्दोलन समितिका कामोद यादवले बताए ।

## कतारस्थित...

बढेको छ । विश्वकप फुटबलपछि कतारको अर्थतन्त्रमा शिथिलता देखिएको छ। अन्य देशका दूतावासहरू आफ्नो मुलुकमा कामदारको डिमाण्ड लैजान उच्चरूपमा सक्रिय हुने, तर नेपाली दूतावासका कर्मचारी भने रोजगारदाता कम्पनीले ल्याएका मागपत्र प्रमाणीकरणका फाइलमा ढिलासुस्ती गर्ने, कारण खोज्दा कतिपयलाई बाहिर भेटौं भनी प्रस्ताव गर्ने, बाहिर नभेटेपछि कम्पनीको स्थलगत भ्रमण गर्नुपर्ने भन्दै बहाना खोजेर अलमल्याउने, कतिपय रोजगारदातालाई अघिल्लो महिनाको पे स्लिप पेस गर्नुपर्ने भन्दै हैरानी दिने गरिएको गुनासो बढेको छ । विश्वकप फुटबलमा ठूलो लगानी गरेको कतारमा पछिल्ला दिनमा सीमित परियोजना सञ्चालन हुँदा रोजगारको अवसर खुम्चिएको छ । तर प्राप्त भएका डिमाण्ड पनि समयमा प्रमाणीकरण नहुँदा रोजगारदाताले नेपालीको सट्टामा घाना, युगाण्डा, बंगलादेश र श्रीलंकाबाट कामदार लैजाने गरेको बताइएको छ ।

दूतावास स्रोतले भने गुनासो आएजस्तो ढिलासुस्ती नभएको भन्दै नेपाली कामदारको सुरक्षाका लागि मागपत्र प्रमाणीकरण अघि छानबिन स्वभाविक भएको बताएको छ ।

## सुल्किएन...

त महिनौंसम्म राहदानी बनाउन नसकिरहँदा आमनागरिकले सहजै सुविधा कसरी पाउने भन्ने प्रश्न गर्छन् । 'आफ्नै पासपोर्ट नवीकरण गर्न जाँदा मैले आफैंले फाराम भर्न सकिनँ । मैले पनि बिचौलिया नै लगाएर फाराम भरें । एउटा राम्रो सफ्टवेयर विकास गर्न सक्यो भने खासै ठूलो समस्या होला जस्तो लाग्दैन । मैले पासपोर्टका लागि फाराम भर्न जाँदा दुईपटक धाउनुपऱ्यो। कहिले क्यामेरा बिग्रिने, कहिले प्रिन्टर बिग्रिने' उनले भने । साथै उनले तीनपटक जाँदा पनि आफूले बायोमेट्रिक दिन नसकेको गुनासो गरेका छन् ।

## काठमाडौं...

महानगरपालिकाका मेयर बालेन शाहले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा अगाडि भनिएको छ, 'महानगरको थुप्रै स्थानमा अनधिकृत रुपमा अतिक्रमण गरी निर्मित भवन संरचना हटाइएको छ र हटाउने क्रम निरन्तर जारी रहेको छ । सामाखुशी खोला अतिक्रमण गरी बनेका अनधिकृत संरचनाहरु हटाउने कार्य सञ्चालन भैरहेको छ ।'

समग्रमा नीति तथा कार्यक्रममा १० वटा महानगर गौरवका योजना, केही स्वर्णिम योजना घोषणा गरेको छ । महानगरको गौरव बढाउन अधिकतम जनसंख्या लाभान्वित हुने ३ वर्षभित्रमा सम्पन्न हुने १० वटा योजनालाई महानगर गौरवका योजना भनिएको छ ।

गौरवका योजनामार्फत प्रमुख समस्याहरुको समाधानका साथै सुरक्षित, व्यवसायिक र व्यवस्थित शहरको निर्माण गर्दै काठमाडौं महानगरपालिकालाई पर्यटनमैत्री साँस्कृतिक सहर, समृद्ध महानगरको रुपमा स्थापित गर्ने मेयर शाहले बताएका छन् ।

त्यस्तै महानगरबासीको दैनन्दिनका समस्या समााधन गर्न, महानगरपालिकाको सेवा प्रभावकारी बनाउन र शहरी शासनको सवाललाई दिगो व्यवस्थापन गर्न आवश्यक योजनालाई स्वर्णिम योजना भनिएको छ। महानगरका वडाबाट प्राप्त योजनालाई प्राथमिकता प्राप्त योजनाका रुपमा कार्यान्वयन गर्ने मेयर शाहले बताएका छन् ।

**५ हजारलाई रोजगार**

काठमाडौं महानगरपालिकाले एक वर्षमा कम्तीमा ५ हजारलाई रोजगारी दिने घोषणा गरेको छ ।

महानगरपालिकाका मेयर बालेन्द्र साहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै परम्परागत पेय पदार्थलाई ब्रान्डिङ गरेर निर्यात गर्ने लक्ष्य समेत नीति तथा कार्यक्रम गर्ने घोषणा गरेका छन् ।

नीति तथा कार्यक्रममा आगमी आर्थिक वर्षमा १ लाख वृक्षारोपण गर्ने, सबै सडक पक्की गर्दै, खाल्डाखुल्डी रहित काठमाडौं शहर निर्माण गर्ने घोषणा गरेका हुन् ।

**नवलपरासी डायरी**
बिनोद निगम/मध्यान्ह

# एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार लाग्ने



पश्चिम नवलपरासीका सिमा नाकाबाट एक सय रूपैयाँ भन्दा माथिका सामान ल्याउँदा भन्सार तिर्नुपर्ने भएको छ ।

भारतीय बजारबाट बिना भन्सार सामान भित्र्याउँदा स्वदेशी बजार र राजस्व समेत घटेपछि भन्सार शुल्क लगाउन लागिएको हो ।

उद्योगी, व्यवसायी सुरक्षा निकायका प्रमुख, भन्सारका अधिकारीसहितको बैठकपछि पश्चिम नवलपरासीका सीमा नाकाबाट पनि एक सय रूपैयाँ भन्दा माथिका सामान ल्याउँदा भन्सार तिर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरिएको छ । पश्चिम नवलपरासीको महेशपुर,रूपन्देहीको बेलहिया,नाकामा एक सय रूपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार तिराउन थालिएको छ ।

घरायसी प्रयोजनका लागि सामान किन्न भन्दै दैनिक हजारौं नेपाली सीमावर्ती भारतीय ठूठीबारी, सुनौली र नौतनवा, बजार पुग्ने गर्छन् । भारतीय बजारबाट खुलेयाम सामान नेपाल भित्रिँदा सरकारलाई राजस्व र नेपाली व्यवसायीको कारोबारमा समेत प्रभाव परेपछि सीमा नाकाहरूमा कडाइ शुरू गरिएको छ ।

एक सय रूपैयाँभन्दा बढी मूल्यका कुनै पनि सामान आयात गर्दा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने कानूनी प्रावधान छ। तर, व्यावहारिक पक्ष भन्दै यसअघि यो नियम कडाइका साथ कार्यान्वयन गर्ने गरिएको थिएन ।

भन्सार नतिरी सामान भित्रिन नदिन पश्चिम नवलपरासीको महेशपुर भन्सार कार्यालय, बेलहिया नाकामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सारमा कार्यरत कर्मचारी कडाइका साथ खटाइएको छ ।

भन्सार शुल्क तिर्नेको लाइन देखिन थालेको छ । उनीहरूले पारीबाट किनमेल गरी फर्केकालाई भन्सार प्रज्ञापनपत्र कटाएर भन्सार तिराउने गरेका छन्। महेशपुर भन्सार कार्यालय प्रमुखका बुद्धि कुमार चुँडालले भन्सार नतिराई कुनै पनि सामान नछाडिएको बताए । 'नाकामा स-साना समान ल्याउनलाई कडाइ गरिएको छ,' चुँडालले भने, 'खुला क्षेत्रबाट हुने चोरी तस्करीलाई पनि कडाइ गरिएको छ ।'

# गाडीसहित अवैध सामान बरामद



पश्चिम नवलपरासीको रामग्राम नगरपालिका ५ बाइपासबाट भन्सार छली गरेर भारतबाट नेपाल ल्याउँदै गरेको अवस्थामा गाडीसहित अवैध सामान बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट प्रहरी सहायक निरीक्षक चोप बहादुर के.सीको कमाण्डमा खटिएको टोलीले मोटरसाइकल र कारसहित अवैध सामान बरामद गरेको हो ।

प्रहरी नायव उपरीक्षक एवम् सूचना अधिकारी भोजराज पाण्डेका अनुसार बरामद गरिएका सामानहरूमा साडी, कुर्ता सुरवाल, टप्स, ब्रोइलर कुखुरा, लु ३ च ७७७ नं. को कार १ थान र भारतीय नम्बर प्लेटको मोटरसाइकल (युपी ५६ पी ८५५६) रहेको छ। उक्त सामानहरु १२ लाख ११ हजार ४ सय रुपैयाँ बराबरको रहेको पाण्डेले बताए ।

नियन्त्रणमा लिइएका अवैध सामान, कार चालक रुपन्देही सिद्धार्थ नगरपालिका ४ का ४५ वर्षीय अमित कुमार श्रीवास्तव, मोटसाइकल र कारलाई आवश्यक कारबाहीको लागि भन्सार कार्यालयमा महेसपुर पठाइएको छ । मोटरसाइकल चालक भने फरार रहेका छन् ।

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
एक प्रतिष्ठित कम्पनीको लागि कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1. MANAGER - (1 MALE/FEMALE)
2. PRO - (10 MALE/FEMALE)
3. RECEPTIONIST - (1 FEMALE)
4. DOCUMENTATION OFFICER- (2 MALE/FEMALE)

SALARY Negotiable

All categories need to have a minimum 3 years experienced in the same field.

SEND YOUR CV:
cdhr004@gmail.com
APPLY NOW!

C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4486262 | Fax: 4486263,
Gov. Lic. No. 1048/073/74

UAE मा रोजगार | कम्पनी: BARARI NATURAL RESOURCES LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०४/२६ चलानी नं.: ६०१८५१३७ L.T. No.: 269262 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 7 | 0 | स. काममा दक्ष | 800 | २८,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १४ गते (29 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
Al Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

Farwestern University
Manilek Multiple Campus
Melauli, Baitadi
Sudurpaschim Province, Nepal

Notice for Invitation of Bids

Date of publication: 2080/03/07 ( 22nd, June 2023)

FWU, Manilek Multiple Campus, Melauli, Baitadi invites Electronic Bids under National Competitive Bidding Procedure (NCB) through PPMO's e-procurement system from eligible bidders for the Construction of following works mentioned below under online National Competitive Bidding Procedures.

| S. N | Name Of Project | Contract ID | Estimated Amount ( Excluding VAT & Contingencies) | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Construction Of Manilek Campus First and Second Floor | 01/NCB/MMC/079/080 | NRs. 1,06,34,326.5 | NRs.3,15,000/- | 2080/04/07 (23rd July 2023) 12:00 Noon | 2080/04/07 (23rd July 2023 13:00 After Noon, Manilek Multiple Campus, Melauli, Baitadi |

Bank Information

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Kumari Bank Limited, Melauli Branch Melauli Baitadi | For Bid Document and For Bid Security **Account Name: SU.PA.BI. MANILEK BAHUMUKHI CAMPUS AC NO.: 271024713470001** | 1. NRs.3000.00/- (Three Thousand Only) For Bids |

For More Details Contact No, 9848782677 Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp.

# चार प्रतिशत बालबालिकामा दृष्टिदोषको समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार



नेपाल नेत्रज्योति संघ र अर्विसको सहकार्यमा सञ्चालित नेपाल रिच परियोजनाबाट करिब ८ लाख बालबालिकाहरु लाभान्वित भएका छन् । परीक्षण गरिएकामध्ये ४ प्रतिशत बालबालिकाहरुमा दृष्टिदोषको समस्या देखिएको छ ।

अर्विसको आर्थिक सहयोगमा नेपाल नेत्रज्योति संघले सञ्चालन गरेको उक्त परियोजनामार्फत झापा मोरङ, पर्सा, सुनसरी र सिराहा जिल्लाका ७ लाख ८५ हजार ४६० जना बालबालिकाको निःशुल्क आँखा परीक्षण गरिएको हो । सन् २०१८ देखि २०२२ सम्म चलेको परियोजनामार्फत ६ देखि १८ वर्षसम्मका विद्यालय जाने र नजाने बालबालिकाहरुको आँखा परीक्षण गरिएको थियो । आँखा परीक्षणपश्चात समस्या देखिएका बालबालिकाहरुलाई निःशुल्क चस्मा तथा शल्यक्रियासमेत गरिएको नेपाल नेत्रज्योति संघका कार्यक्रम व्यवस्थापक रन्जन शाहले जानकारी दिए ।

उक्त परियोजनामार्फत ४ वर्षमा २ हजार ५ सय ५५ वटा निजी तथा सामुदायिक विद्यालयहरुमा आँखा जाँच गरिएको थियो । उक्त जाँचका क्रममा दृष्टिमा समस्या देखिएका २० हजार ३ सय ८० जना बालबालिकाहरुलाई निःशुल्क चस्मा वितरण गर्नुका साथै २ सय १ जना बालबालिकाको आँखाको निःशुल्क शल्यक्रियासमेत गरिएको शाहले बताए । शाहका अनुसार आँखा जाँच गरी वितरण गरिएको चस्मामध्ये ६३ प्रतिशत बालबालिकाहरुले मात्र नियमितरुपमा चस्मा प्रयोग गरिरहेका छन् । 'चस्मा लगाउँदा साथीहरुले जिस्क्याउने, आमाबुवाले छोरीहरुलाई विवाह गर्न कठिनाइ हुने भन्दै चस्मा लगाउन नदिने, चस्मा लगाउँदा सहजता नहुने र लजाउने जस्ता कारणहरुले पनि बालबालिकाहरुले नियमितरुपमा चस्मा नलगाएको देखिन्छ,' शाहले भने ।

शाहले अगाडि भने, 'यसरी वितरण गरिएका चस्माको नियमित प्रयोगबाट ती विद्यार्थीहरुको शैक्षिकस्तरमा समेत उन्नति भएको छ, उनीहरुको दैनिकीमा समेत धेरै नै परिवर्तन आएको देखिन्छ ।' नेपाल नेत्रज्योति संघ आर.एम केडिया आँखा अस्पताल, नेपाल नेत्रज्योति संघ सगरमाथा चौधरी आँखा अस्पताल, नेपाल नेत्रज्योति संघ विराटनगर आँखा अस्पताल र मेची आँखा अस्पतालमार्फत यी जिल्लाहरुमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

नेपाल नेत्रज्योति संघले कोही पनि नागरिकहरु पहुँच र पैसाको अभावमा आँखा उपचार सेवाबाट वञ्चित नहुन् भन्ने उद्देश्यले विभिन्न दातृ निकायहरुसँगको सहकार्यमा देशैभरि विभिन्न निःशुल्क शिविरहरु आयोजना गरिरहेको संघका कार्यकारी निर्देशक डा.शैलेस कुमार मिश्रले बताए । परियोजनाअन्तर्गत कार्यक्रम सञ्चालित जिल्लाका महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा विद्यालयका भिजन एम्ब्यास्डरहरुलाई आँखा जाँचसम्बन्धी आधारभूत तालिमसमेत प्रदान गरिएको थियो ।

# बागलुङमा जिप दुर्घटना, दुई जनाको मृत्यु

**रामप्रसाद घिमिरे/मध्यान्ह**
बागलुङ, ६ असार



बागलुङमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । जिल्लाको काठेखोला गाउँपालिका-५ बिहुँ ठुलढुङ्गामा जिप दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायव उपरीक्षक मदन केसीले मध्यान्हलाई जानकारी दिए ।

मृत्यु हुनेमा चालक पर्वतको कुश्मा नगरपालिका-१ मालढुंगाका २८ वर्षीय राजेन्द्र माझी र बागलुङको जैमीनी नगरपालिका-१० राङ्खानीका ३६ वर्षीय दुर्गा पौडेल रहेको जिल्ला प्रखकार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक योगेन्द्र कुमार खड्काले बताए ।

बागलुङको गलकोटबाट बागलुङ बजारतर्फ आउँदै गरेको ग १ च ९४८५ नम्बरको जिप मध्यपहाडी लोकमार्गबाट ५ सय मिटर तल खसेको थियो ।

# बरहथवामा सरोकारवालासँग सामीको अन्तरक्रिया



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ६ असार

सर्लाहीको बरहथवा नगरपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत सरोकारवाला (जनप्रतिनिधि, प्रहरी, शाखा प्रमुख र पत्रकार)सँग अन्तरक्रिया गरिएको छ । बरहथवा-५ स्थित अनपुर्ण होटेलको सभा हलमा बरहथवा नगरपालिकाकी प्रमुख कल्पना कुमारी कटुवालको अध्यक्षतामा अन्तरक्रिया गरिएको हो । कार्यक्रममा सामी कार्यक्रमअन्तर्गत सुरक्षित आप्रवासन सूचना केन्द्रले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन गरिरहेको काम, सर्लाहीमा वैदेशिक रोजगारको अवस्था, मनोपरामर्श, बचतका लागि पोत्साहन गर्न प्रदान गरिएको कक्षा लगायतबारे सामी हेल्भेटास नेपाल मधेस प्रदेशका कार्यक्रम प्रबन्धक विजय ठाकुर र सामी हेल्भेटास नेपाल सिरहा र सप्तरीका कार्यक्रम अधिकृत राम प्रवेश मण्डलले प्रष्ट पारेका थिए ।

सहभागीले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन समाजका सबैपक्ष लागिपर्नुपर्नेमा जोड दिए । कार्यक्रममा बरहथवा नगरपालिका विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, पत्रकार, विभिन्न शाखाका प्रमुख, इलाका प्रहरी कार्यालय बरहथवा, हजरीया, हिरापुर, राजघाटका प्रमुखलगायतको आतिथ्यता रहेको थियो ।

# शैक्षिक सामग्री वितरण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ६ जेठ

रुकुम पश्चिमको आठविसकोट नगरपालिका वडा नम्बर ७ ले विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । वडाको जनज्योति आधार भूत विद्यालय डाँफे र भानुभक्त आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो ।

नगरप्रमुख रबि केसीमार्फत जनज्योति आधारभूत विद्यालय डाँफेमा अध्ययनरत १ सय २९ जना र भानुभक्त आधारभूत विद्यालयमा अध्ययनरत ७५ विद्यार्थीलाई झोला, कापी र कलम वितरण गरिएको वडाअध्यक्ष अमृत बुढाले बताए ।

जनज्योति आधारभूत विद्यालय डाँफेका बालविकास विद्यार्थीलाई झोला, २५ वटा कापी र १२ वटा कलम वितरण गरिएको छ । त्यस्तै कक्षा १ मा अध्ययनरत विद्यार्थीलाई ४० वटा कापी, २४ वटा कलम, कक्षा २ मा ४० वटा कापी, २४ वटा कलम, कक्षा ३ मा ४० वटा कापी, २४ वटा कलम र सम्पूर्ण विद्यार्थीलाई १/१ वटा झोला वितरण गरिएको वडा अध्यक्ष बुढाले बताए । त्यस्तै कक्षा ४ मा ५० वटा कापी, २४ कलम र कक्षा ५ मा ५० वटा कापी २४ वटा कलम र झोला वितरण गरिएको छ ।

त्यस्तै कक्षा ३ सम्म सञ्चालित भानुभक्त आधारभूत विद्यालय औलीगाउँले वडा कार्यालयमार्फत वितरण भएका निःशुल्क झोला, कापी कलमसँगै विद्यालय व्यवस्थापन समितिले निःशुल्क स्कुल पोशाक पनि वितरण गरेको छ ।

बालविकासमा अध्यनरत विद्यार्थीलाई १ झोला, २५ वटा कापी, १२ वटा कलम, कक्षा १ देखि कक्षा ३ सम्मका विद्यार्थीलाई झोला १ वटा ४० वटा कापी, २४ वटा कलम र सबै विद्यार्थीलाई १/१ जोडा स्कुल पोशाक वितरण गरिएको छ । शैक्षिक सामग्री वितरण गर्दै नगर प्रमुख रबि केसीले नगरका १४ वडा मध्ये यस्तो महत्वपूर्ण काम गर्ने पहिलो वडा ७ नम्बर वडा कार्यालय भएको बताए ।

# रास्वपा नेपालगञ्ज कार्यसमितिको आयोजनामा रक्तदान



**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, ६ असार

बाँकेको नेपालगञ्जमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो स्थापना दिवसको अवसरमा प्रदेशस्तरीय बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ । मंगलबार राष्ट्रिय स्वतन्त्र पार्टी नेपालगञ्ज नगर कार्यसमितिको आयोजना, राष्ट्रिय स्वतन्त्र पार्टी लुम्बिनी प्रदेशको सहकार्यमा नेपालगञ्जस्थित कृतिमान मेडिकल हलमा आयोजित रक्तदान कार्यक्रममा महिला पुरुष गरी ७२ जनाले रक्तदान गरेका छन् ।

नेपालगञ्ज नगर कार्य समितिका सभापति नबीन खडका, प्रमुख अतिथि तथा लुम्बिनी प्रदेशका सभापति देवराज पाठक, अतिथि लुम्बिनी प्रदेशका महामन्त्री निलराज अधिकारी र कार्यक्रम संयोजक बुद्धिसागर सुवेदीले रगत संकल गर्ने पाकेट प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राविधिकलाई हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

सो अवसरमा राष्ट्रिय स्वतन्त्र पार्टी लुम्बिनी प्रदेशका महामन्त्री निलराज अधिकारी, बिनोद पौडेल, रमेश केशर खनाल, दुर्गा बहादुर खडका, विवेक श्रेष्ठ, रुद्रमणि ढकाल, दण्ड बहादुर घर्ती, सन्तोष गिरी, अमित तिमिल्सिना, आषुतोष गौतम, निर्मल नेपाल, धन बहादुर , देवेन्द्रनाथ शुक्ला, राम बहादुर केसी, कर्ण गिरी, चन्द्रमणि उपाध्याय, राजेश शर्मा, कृष्ण बहादुर, दिनेश बहादुर शाही, रवि कुमार वर्मा, कृष्ण बिक, प्रवेस शाह, शिव कुमार, असलम अली कबडिया, रोशन बहादुर शाही, तेज बहादुर खत्री, सुशील डिसी, नारायण प्रसाद लामिछाने, हरि प्रसाद, बालकृष्ण पौडेल, मान बहादुर, नारायण प्रसाद शर्मा, रमेश शाही, राजेन्द्र भण्डारी, रामेश्वर गौतम, दिवेश शाही, शिखन शाही, सुभाष शर्मा, केशवराज पौडेल, कृष्ण प्रसाद पाण्डे, लक्ष्मीराज पौडेल, बिमल देवकोटा, लाल बहादुर बोहरा, कुशुम पोखरेल, हरिप्रसाद सिंह केसी, बिष्णु प्रसाद थारु, डम्बर बहादुर थापामगर, दिनेश चन्द, पुष्पराज उप्रेती, पूर्णराज श्रेष्ठ, भूपेन्द्र, बासुदेव अधिकारी, धनराज सोनी, उद्धव पौडेल, गणेशमान खत्री, सीताराम गौतम, पूर्णप्रसाद गौतम, मन प्रसाद देवकोटा, दिपक पौडेल, हरिलाल उपाध्याय, वीरेन्द्र लामिछाने, बालकृष्ण लामिछाने, हरि क्षेत्री, कुमार गौतम, घनश्याम भट्ट, मुंगरसिंह थारु, जुगिन्द्र सिंह थारु, पवन थारु लगायत ७२ जनाले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित कोहलपुर रक्त सञ्चार युनिटका इन्चार्ज राजेन्द्र महतरा, सुनिल रत्नौया, प्रादेशिक रक्तसञ्चार सेवा केन्द्रका प्राविधिक होमराज गिरी, महेश राना, सिंह डाँगीले प्राविधिक सहयोग गरेका थिए ।

# सिमकोट बजारभित्रका मासु पसलको अनुगमन

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ६ असार




हुम्लाको सदरमुकाम सिमकोट बजारभित्रका मासु पसलहरुको अनुगमन गरिएको छ ।

गाउँपालिकाकी उपाध्यक्ष सुशिला रोकायाको संयोजकत्वमा बजार अनुगमन गरिएको हो ।

नेपालगन्ज, सुर्खेतको मुख्य नाका रहेको सिमकोट बजारमा अवैध र अखाद्य मासुजन्य पदार्थ भित्रिएको आशंकामा बजारभित्रका मासु पसल र सप्लायर्समा अनुगमन गरिएको सिमकोट गाउँपालिकाका पशु शाखा नायव पशु प्राविधिक विष्णु बुमीले बताए ।

वुमीका अनुसार सदरमुकाम सिमकोटमा सञ्चालित अधिकांश मासु पसल अनुमतिविना नै सञ्चालनमा रहेको, अनुमति बिना चलेका मासु पसलेहरुले बजारको दररेटभन्दा पनि मनपरी ढंगले मूल्य निर्धारण गरेको, बजारमा एक दर्जनभन्दा बढी व्यवसायीले व्यवसाय दर्ता नगरी, करछली गरेर मासुजन्य बस्तु बिक्री गरेको पाइएको छ । मासु पसल दर्ता नगरी मनपरी तवरले मासुजन्य वस्तु बिक्री गरेको भन्दै दर्ता गरेरै सञ्चालन गरिरहेका व्यवसायीहरुले विरोध जनाउँदै आएका छन् । केही दिनअघि नेपालगन्जदेखि सिमकोट विमानस्थलमा पुगेको बोइलर कुखुराको मासु, माछा र खसीको मासु नष्ट गरिएको थियो ।

सिमकोट गाउँपालिका र मासु व्यवसायीहरुको गोष्ठीपछि अन्य पसलभन्दा छुट्टै ठाउँ व्यवस्थापन गरेर व्यापार गर्ने, व्यवसाय दर्ता नगरेकाले तत्काल दर्ता गर्ने, बजार मूल्यको अनुगमन गरी उपभोक्तालाई राहत मिल्ने गरी समायोजन गर्ने निर्णय भएको उपाध्यक्ष रोकायाले बताइन् ।

अनुगमन गर्दा प्रक्रिया पूरा गर्न चेतावनी दिएका व्यवसायीहरुले प्रक्रिया पूरा नगरेको पाइए ऐन अनुसार दण्ड जरिवानासहित कारबाही गरिने उपाध्यक्ष रोकायाले बताइन् । अनुगमनमा सिमकोट गाउँपालिका पशु शाखा प्रमुख महेन्द्रबहादुर शाही, जिल्ला पशु अस्पताल तथा पशु सेवा कार्यालय प्रमुख कृष्णबहादुर रोकाया, घरेलु उद्योग तथा उपभोक्ताहित संरक्षण कार्यालय, जिल्ला प्रशासन कार्यालय, पत्रकार सरोकारवाला निकायको उपस्थित रहेको थियो ।

सिमकोट गाउँपालिका पशु शाखाको संयोजगत्वमा जिल्ला सदरमुकाम सिमकोटका २७ वटा मासु पसलहरुको बुधबार बिहान अनुगमन गरिएको र अनुगमनका क्रममा केही मासु पसलमा राखिएका फ्रिज सफा नगरेको, केही पसलहरुमा खुद्रा सामानसँगै मासु पनि सँगै बिक्रीमा राखिएको, केही मासु पसलको साइन बोर्ड समेत नभएको, केही पसलको फ्रिजमा कुहिएको मासु समेत फेला परेकाले त्यस्ता कार्य पुनः दोहोऱ्याएमा त्यस्ता पसल व्यवसायीहरु बन्द गरिने सिमकोट गाउँपालिका पशु शाखा प्रमुख महेन्द्रबहादुर शाहीले बताए ।

# गिडिदहको क्षेत्रफल मापन गरिँदै

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ६ असार

जुम्लाको तातोपानी गाउँपालिका वडा नं.४ ले गिडिदहको क्षेत्रफलको मापन गर्ने भएको छ । गिडिदहको प्रचार-प्रसारको लागि लम्बाइ, चौडाइ, उचाइ र गहिराइ मापन गर्न लागेको हो ।

सोमबार वडा अध्यक्षसहितको २० जनाको टोली जुम्लाको गिडिदहतर्फ प्रस्थान गरेको तातोापनी गाउँपालिका वडा नम्बर ४ का वडाअध्यक्ष अमर बहादुर रोकायाले बताए । गिडिदहको क्षेत्रफल मापन गरेर टोली फर्किने छ । गत असोज ४ देखि ६ गतेसम्म भएको पहिलो गिडिदह सम्मेलनका क्रममा गिडिदहको लम्बाइ, चौडाइ, उचाइ र गहिराइ मापन गरिने उनले बताए । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको सम्भावना बोकेको गिडिदह पर्यटकको पर्खाइमा रहेको छ । सो दहको प्रचार-प्रसारदेखि पूर्वाधार निर्माणमा राज्यको नजर पुग्न नसकेको त्यहाँका नागरिकको गुनासो छ ।

गिडिदह सम्मेलन गरेको करिब ९ महिनापछि वडा पालिका सरकारले दहको मापन गर्न लागेको हो । यसअघि वडा अध्यक्ष रोकायाले ओझेलमा रहेको गिडिदहको प्रचार-प्रसारका लागि पर्यटकीय गन्तब्यका रुपमा स्थापित गर्न वृत्तिचित्र बनाउन लागिएको बताएका थिए ।

वृत्तचित्र बनाउने क्रममा रहेकाले सबै निकायको सुझाव संकलन गरी अन्तिम रुप दिने तयारी भएको पनि उनले बताए ।

गिडिदहको वास्तविक अवस्था र पर्यटकीय प्रवर्द्धन गर्न वडाले मात्रै नसक्ने भएकाले संघ, प्रदेश र स्थानीय तहका सरकारलाई सहयोग गर्न वडाध्यक्ष रोकायाले अनुरोध समेत गरेका छन् । रोकायाले गिडिदहसम्म जानको लागि गिडिखोला गाउँ हुँदै फुलचौल्यालेसम्म पहिलो दिनमा पुग्न सकिने बताए । बिष्टज्यू, बजेटी खोला, हाँका पाटन, गौरीगुम खोलाबाट बगेर आउने पानी र तालभित्रै निस्कने पानीबाट निर्मित प्राकृतिक ताल गिडिदह



बनेको उनले बताए । गिडिखोलादेखि फूलचौल्यासम्म सडक निर्माण, ठाउँ-ठाउँमा धर्मशाला निर्माण र छोटो पदमार्ग निर्माण गर्न जरुरी रहेको बताए ।गिडिदह पर्यटन क्षेत्रको विकासका लागि हाँकुमा पक्की पुल, हाँकु पाण्डेबाडा-गिडिखोला हुँदै फुलचौल्या पाटनसम्म र गिडिखोला-फुलचौल्या ग्रामीण सडक निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय सम्पदा सूचीमा समावेशका लागि पहल गर्न र वातावरणीय दिगो व्यवस्थापनका लागि नीति आवश्यक परेको वडाध्यक्ष रोकायाले बताए । गिडिदहको उचाई समुन्द्र सहतदेखि ३ हजार ४ सय ८२ मिटरमा रहेको छ ।

दहको क्षेत्रफल अहिलेसम्म पहिचान भएको छैन् । गाउँपालिकाले गिडिदहको क्षेत्रफलका लागि १० लाख र वातावरणीय प्रभाव मूल्यांकनका लागि ७ लाख रकम विनियोजन गरेको छ । क्षेत्रफल पहिचानका लागि राष्ट्रिय ताल संरक्षण विकास समितिसँग तातोपानी गाउँपालिकाले समन्वय गरी रहेको छ । गिडिदहसम्म जानको लागि पदमार्ग, बीचमा खान र बस्नको व्यवस्थापन गर्न सके पर्यटनलाई भित्र्याउन सकिने उनको भनाइ छ । खप्तड भन्दा राम्रो सम्भावना बोकेको तालको संरक्षण र विकासका लागि सहयोग गर्न तयार रहेको उनको भनाइ छ ।



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ असार २०८०, बिहीबार
22 June 2023, Thursday

सम्पादकीय

## छिमेकको नियतमाथि प्रश्न

निर्माण सम्पन्न भएको सात महिना पछाडि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार उडान भएको छ । चीनको सिचुवान एयरलायन्स बधुबार पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा अतवरण गरेको हो । चीनबाट आएको उक्त विमानमा १३० जना यात्रु थिए । पहिलो उडानमा नेपालका लागि चिनियाँ राजदूत छन् सोङ पनि पोखरा अवतरण गरे । उडान सफल भएपछि मन्तव्य दिएका राजदूत सोङले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई बीआरआई परियोजना अन्तर्गत बनेको बताए । विमानस्थलको डिजाइन र निर्माण चीन सरकारको सहयोगमा बीआरआई अन्तर्गत बनेको बताउका थिए । चिनियाँ राजदूतसँगै बुधबार भारतीय राजदूत नवीन श्रीवास्तव पनि पोखरा पुगेका थिए । श्रीवास्तवले चाहिँ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे बोलेनन् । योग दिवसको अवसर पारेर पोखरा पुगेका उनले पर्यटकीय विकासका निम्ति भारतसँग सडक सञ्जालको विकास हुनुपर्ने बताए ।

यी दुई राजदूत एकैदिन पोखरा पुग्नु संयोग पनि हुन सक्छ । तर उनीहरूले दिएको अभिव्यक्तिलाई भने कुटनीतिक अर्थका रूपले समेत अर्थ्याउन सकिन्छ । किनकि पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेपनि भारतीय राजदूत श्रीवास्तवले सडक सञ्जालको कुरा गरे । अनि अन्तर्राष्ट्रिय उडान भरेको चिनियाँ राजदूतले भने विमानस्थललाई नै बीआरआई अन्तर्गतको परियोजना भनिदिएँ । जबकी पोखरा विमानस्थल बीआरआई सम्झौता हुनु भन्दा अगाडि शुरू भइसकेको थियो । चिनियाँ सहयोग हुनु बाहेक थप सम्बन्ध छैन । तर राजदूत सोङले बीआरआई अन्तर्गतको डिजाइन र सहयोगमा निर्मित भनिदिए । भारतले यो विमानस्थललाई एअर रूट दिन मानेको छैन ।

केही समय अगाडि प्रधानमन्त्री पुष्पकमल दाहालले भारत भ्रमण गर्दा पनि पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई रूट दिन भारत तयार भएनन् । भारतले आफ्नो देशको सुरक्षालाई कारण मानेर रूट दिन मानेको छैन । यी दुवै विमानस्थल निर्माणमा चिनियाँ सहयोग छ । आफ्नो सहयोग भएको विमानस्थलमा उडान भरेपनि चिनियाँ राजदूतले दिएको अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ । भारतीय राजदूतले अन्तर ाष्ट्रिय विमानस्थल भएको ठाउँमा सडक सञ्जालको कुरा गरेर त्यो चासोलाई अझ अर्थपूर्ण बनाएको छ । यो दृष्यलाई छिमेकी देशहरूले आफ्नो स्वार्थ मात्रै हेरेको अनुमान लगाउन सकिन्छ । यस्तो बेला नेपालले दुवै देशसँग आफ्नो कुरा राख्नुपर्छ । छिमेक तीन देशबीच एकले अर्को देशको सार्वभौमताको सम्मान गर्दै अशल छिमेक नीति अपनाउनुको विकल्प नभएकाले सोही अनुरूप पहल कदमी लिन आवश्यक छ ।

# दलीय व्यवस्था र स्थानीय सरकार

*हरेक स्थानीय निकायले जनताका आधारभूत विषयलाई सम्बोधन गर्ने गरी काम गर्नुपर्थ्यो, तर त्यस्तो भएन । आज स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता विषयहरु धेरै स्थानीय सरकारले प्राथमिकतामा राखेनन् । उनीहरुको गतिविधि हुनु र नहुनुमा फरक छैन जस्तो बनेको छ ।*

अग्रलेख



● मेघराज भट्टराई

स्थानीय निकायको निर्वाचन भएको पनि एक वर्ष बितिसकेको छ । एक वर्षको बीचमा देशमा धेरै उतार चढाव भएको छ । प्रादेशिक निर्वाचनदेखि संघीय सांसदको निर्वाचन भएर नयाँ अनुहार पनि संसद भवन छिरेका छन् । यो व्यवस्था र जनताको अवस्थामा परिवर्तन नभएपछि जनआक्रोश बढेर राष्ट्रिय स्वतन्त्र पार्टी नाम गरेको नयाँ पार्टी जसको कुनै सांगठनिक आधार बिना २१ जना सांसद सिंहदरबार पुगेका छन् । उपप्रधानमन्त्री र गृहमन्त्री भएर छोटो समय मै बहिर्गमन पनि भए । यो बिचमा एमालेसँग मिलेर प्रधानमन्त्री भएका पुष्पकमल दाहाल प्रचण्ड पुनः नेपाली कांग्रेससहित आठ दलको सहयोगमा प्रधानमन्त्री मात्र छैनन्, उनले ६ महिना सत्तामा बिताइसकेका छन् ।




प्रचण्ड नेतृत्वको सरकारले योबीचमा थुप्रै घटना घटाइसकेको छ । प्रचण्डले पहिलो विदेश भ्रमणस्वरुप भारत भ्रमण गरिसकेका छन् । उनले भारतसँग केही सन्धि सम्झौता पनि गर्न भ्याएका छन् । कट्टर कम्युनिष्टको परिचय बनाएका सत्तामा पुगेपछि छ महिनाको बीचमा गेरुवा बस्त्र लगाउने अवस्थामा समेत पुगेका छन् । प्रचण्डका धार्मिक गतिविधि अहिले चर्चामा छन् । भारत भ्रमणका क्रममा उनले गरेको पुजाआजा र पशुपति दर्शनलाई लिएर निकै टिकाटिप्पणी भइरहेका छन् ।

प्रचण्डको धार्मिक आस्थालाई धेरै अन्यथा मानेर टिप्पणी नगर्न सकिन्छ, तर सरकारमा पुगेपछि उनले चालेका कदमले केही नमिठो त्रासको सिर्जना गराएको छ । भारत भ्रमणको पूर्वसन्ध्यामा उनले विवादास्पद नागकिता विधेयक राष्ट्रपतिबाट पारित गर्न लगाए । थुप्रै जलसम्पदाबारे भएका सम्झौतामाथि प्रश्न उठिरहेकै बखत प्रचण्डले थप नयाँ सम्झौता गराए । आज ति सम्झौताहरुमा राष्ट्रघातको गन्ध आइरहेको छ । आगामी समय मुलुक कता जाला भन्ने प्रश्न खडा भएको छ ।

स्थानीय तहलाई जोडेर गरिएको चर्चाकाबीच आएका सन्दर्भ केही असान्दर्भिक पनि लाग्न सक्लान् तर, राष्ट्र र राष्ट्रियताका विषयलाई स्थानीय सरकारसँग जोडेर चर्चा गरिनु अहिले उचित हुन्छ । हाम्रो देशको शासन व्यवस्था र जनआकांक्षालाई हेर्ने हो भने जुनसुकै सरकारले चाहेपनि धेरै काम गर्न सक्ने रहेछ भन्ने स्पष्ट हुन्छ । काठमाडौं महानगरपालिका र धरान उपमहानगरपालिकाको कामले पनि यस्तै देखाउँछ । यहाँ कुनै वाद, नीति र सिद्धान्त प्रयोग भएको देखिँदैन । जब काठमाडौंमा बालेन शाह निर्वाचित भएर आए लथालिङ्ग, भताभुङ अवस्था थियो । केन्द्रीय राजधानी जताततै दुर्गन्ध र फोहोरको डंगुरले भरिएको थियो । केन्द्रीय तथा प्रदेश सरकारले सहयोग होइन, उल्टै खुट्टा तानेको अवस्था थियो । यसका वाबजुद बालेन शाहले थुप्रै कदमहरु चाले । जत्तिसम्म गर्न मिल्ने उनको हैसियत थियो, त्यो इमान्दारिताका साथ पूरा गरे । यो एक वर्षमा काठमाडौंको मुहार एक हदसम्म फेर्न सफल भए ।

हराएका खोला भेटिएका छन्, सडक मिचेर व्यापार चलाउने परम्परालाई तोडिएको छ, दुर्गन्धित शहरलाई सुधार गरेर अलिकति आशा जगाउन सफल भएका छन्, अहिले काठमाडौं सफा सहरको रुपमा विकसित हुँदैछ । योबीचमा राज्यको पूरा शक्ति उनलाई रोक्न नलागेको भने होइन । एउटा मेयरको जत्ति हैसियतअनुसार काम गर्ने हो भने पनि हाम्रो ७५३ पालिकाहरुका प्रमुखले सम्पूर्ण राज्य सत्तालाई चलायमान गराएर समस्याको पूरा निराकरण गर्न सकिने रहेछ भन्ने कुरा बालेनको कामले देखाएको छ ।

*हाम्रो देशको शासन व्यवस्थालाई हेर्ने हो भने जुनसुकै सरकारले चाहेपनि धेरै काम गर्न सक्ने रहेछ भन्ने स्पष्ट हुन्छ । काठमाडौं महानगरपालिका र धरान उपमहानगरपालिकाको कामले पनि यस्तै देखाउँछ । यहाँ कुनै वाद, नीति र सिद्धान्त प्रयोग भएको देखिँदैन, तर काम जनताको पक्षमा उत्साह ल्याउने गरी भएका छन् ।*

बालेनको जस्तै काम धरानका मेयर हर्क साम्पाङ्गले पनि गरेर देखाएका छन् । साम्पाङ्गले यतिसम्म गरे कि राज्यको धुकुटीबाट पैसा नलगाई श्रमदानबाट ४२ किलोमिटर टाढाबाट धरानबासीलाई पानी खुवाउने व्यवस्था गरे । यो धेरै राम्रो काम भएको छ । उनको दिनचर्या हेर्दा ठूला-ठूला दस्ताबेजका ढर्रा पढेका नेता नीतिभन्दा द्रिढ इक्षाशक्ति भएका इमानदार युवालाई आफ्नो क्षेत्रको जिम्मा दिने हो भने राष्ट्रको ढुकुटीलाई कम खर्चिलो बनाउँदै जनतालाई श्रमसँग जोडेर आर्थिक र भौतिक विकासको जग बसाल्न सकिँदो रहेछ भन्ने कुरा हामीले एक वर्षमा देखिसक्यौं ।

हाम्रो देशमा भारतसँग सीमा जोडिएका जिल्ला, पालिका र गाउँबस्ती छन्, त्यहाँ स्थानीय निकायको ध्यान जाने हो भने सीमा विवाद पनि रोक्न सकिँदो रहेछ भन्ने कुरा यी दुई मेयरलाई मात्र हेरे पनि पुग्छ । यो सिस्टम भ्रष्ट छ, यसको आमुल परिवर्तन बिना आधारभूत समस्याको समाधान हुँदैन, त्यो हामीले बुझेका छौं । हामीसँग यति धेरै समस्याहरु छन् कि गनेर भनेर साध्य छैन । तर सानो-सानो काम गर्दै जाने हो भने स्थानीय निकायले अतुलनीय काम गर्न सक्छन् । त्यसको लागि काम गर्ने संकल्पसहितको दृढ इच्छा शक्ति हुनुपर्‍यो । दुई मेयर सफल भएको एउटा कारण, दुवै कुनै पार्टीसँग गाँसिएका देखिन्नन् । दुवै जना कुनै पार्टीको स्वार्थमा कदम चाल्न बाध्य छैनन् । अरु स्थानीय तहले नतिजा दिन नसक्नुको कारण उनीहरु कुनै पार्टीमा आबद्ध छन् । उनीहरु पार्टीको स्वार्थअनुरुप चल्छन् । उनीहरु काम गर्नुलाई पनि राजनीतिक स्वार्थसँग गाँसेर हेर्छन् । जसको नमुना दुई मेयरले प्रस्तुत गरेका छन् ।

यहाँ कुनै पार्टीको विरोध गरिएको होइन, दलीय व्यवस्थाको विरोध गरिएको पनि होइन तर, नेपालमा आज राष्ट्रिय स्तरका राजनीतिक दलहरुको अवस्थाले जनता निराश छन् । हामीले आफ्नो नीति सिद्धान्त राष्ट्र र राष्ट्रियताको लागि बनाउनुपर्छ न कि नेताको स्वार्थलाई केन्द्रमा राखेर । कमजोर शक्तिलाई विदेशीले सजिलै तोड्न सक्छन्, त्यसैले बलियो राजनीतिक पार्टी आज पनि जरुरी छ । तर यहाँ इमान्दारिता हुनुपर्‍यो जसले राष्ट्रको भन्दा बाहिरको शक्तिसँग सौदावाजी गर्नु भएन । यस्तो पार्टी बनाउन नेतृत्वले ज्यानको बाजी थाप्नु पर्ने हुन्छ जो आजसम्म देखिएको छैन । हरेक स्थानीय निकायले जनताका आधारभूत विषयलाई सम्बोधन गर्ने गरी काम गर्नुपर्थ्यो तर, त्यस्तो देखिन्न । आज स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता विषयहरु स्थानीय सरकारले प्राथमिकतामा राखिरहेका छैनन् । उनीहरुको गतिविधि हुनु र नहुनुमा फरक छैन जस्तो छ । बरु, भ्रष्टाचार र अनियमितताका घटनाहरु बाहिर आउँछन् । आज किन अन्य पालिकाहरु जनताको सरोकारमा केन्द्रीत हुन सकेनन् ? किन बिचौलियाको स्वार्थअनुसार चले ? किन आफ्ना प्रतिबद्धता पत्र भुले ? बहस हुनु आवश्यक छ ।

जनतालाई अनैतिक काम गर्ने अर्को बिचौलियाको खाँचो छैन । जनतालाई कमिसन खाने अर्को ठेकेदारको खाँचो छैन । जनतालाई अर्को माफिया बनाउन आवश्यक छैन । जनतालाई आफ्ना एजेण्डा सम्बोधन गर्ने नेतृत्व चाहिएको छ । साँच्चिकैको अभिभावक बन्ने नेतृत्व चाहिएको छ । तर, बहुल जनताको त्यस्ता सपना अधुरै रहने देखिएका छन् । जुन ढंगले राजनीतिक दलहरुले स्थानीय तहबाट दोहन गरेका छन्, त्यसले राजनीतिक नेतृत्वप्रति जनतामा ठूलो वितृष्णा पैदा गराएको छ । जनतामा दलीय व्यवस्थाकै विकल्प खोज्नेसम्मको अवस्था सिर्जना गराएको छ । दलीय व्यवस्था ठिक हो वा होइन त्यो बेग्लै विश्लेषणको विषय हो, तर दलहरुले जनतामा निर्माण गरेको मनोविज्ञानले अवस्था यही रहनेमा निश्चित हुन सकिन्न । अबको चार वर्षपछि व्यवस्था बदलिनेगरी अर्को माहोलसमेत सिर्जना हुने खतरा छ ।

### सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

नेपालमा गाउँ फर्क अभियान पुनः चलाउन जरुरी छ । गाउँमा जमिन बाँझो छोडेर शहर पस्ने प्रवृत्तिले हामी पूर्णरूपमा परनिर्भर बन्दै गएका छौं । जापानले गाउँ फर्किने नागरिकलाई पाँच वर्ष शहर नफर्किने गरी प्रति व्यक्ति सात हजार अमेरिकी डलर दिने निर्णय गरेजस्तै यहाँ पनि सरकारले केही गर्न जरुरी छ ।



**- निर्मल प्रसाईं**

फेवाताल जोगाउने हो भने सरकार जान्छ, नक्कली भुटानी शरणार्थी प्रकरणमा पम्फादेवीहरु पक्रे सरकार जान्छ, लुम्बिनी र कपिलवस्तु उच्चारण गरे सरकार जान्छ, आयातित विषादीयुक्त तरकारी प्रतिबन्ध गरे सरकार जान्छ, प्रेम चलाउने सर पिट्ने गुण्डाहरु नछोडे सरकार जान्छ, प्राण जाओस्, सरकार नजाओस् !



**- प्रेम घर्ती मगर**

'समाजवादी मोर्चा' समाजवादीहरुबीच हुन्छ । अहिले मोर्चा बनाएका पार्टीहरूमा कुन पार्टी समाजवादी हो ? एमसीसी पास गरेर दलाल संसदीय व्यवस्था मान्नेहरू आफैंमा समाजवादी हुन कि होइनन् ? यो समाजवादीहरूकै मोर्चा होइन । यो व्यवस्थामा आफ्नो शक्ति कमजोर भएपछि तालमेल गर्नेहरूको मोर्चा हो ।



**- बसन्त घिमिरे**

बालेन शाहको 'सल्लाहाकार'ले राजिनामा दिएको कुरा मिडियाले यसरी उचालेका छन् कि मानौ प्रधानमन्त्रीले राजिनामा दिए । फगत एउटा मेयरको सल्लाहाकार हो । बालेनको कार्यशैली मन परेन रे ! नेपाल हो, सधैँ जालसाजीहरूको संगत भएका हामीलाई काम गर्नेको कार्यशैली मन नपर्नु के नौलो कुरा भो त ।

# नयाँ विमानस्थल निर्माण र लाउडा काण्ड

टिप्पणी



● जयप्रकाश गुप्ता

*नेपाली कांग्रेसलाई अवनतिको सुरुङ्गमा हुल्ने प्रकरण 'लाउडा एयर' थियो । लाउडा प्रकरणमा जसरी लेखा समिति, अख्तियार र अदालत सबै लाग्यो, अहिलेको दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको घटनामा पनि हविगत उस्तै हुने देखिन्छ । कुनै व्यावसायिक योजना बेगार बनाइएका यी दुवै विमानस्थलबारे छानबिन गरिनु अनिवार्य छ ।*

पोखरा विमानस्थल बनाउन सरकारले चीनको एक्जिम बैंकसँग वि.सं. २०७२ मा सम्झौता गरेर एक अर्ब ३७ करोड ८७ लाख चिनियाँ युआन ऋण लिएको हो । यस विमानस्थलमा बुधवार पहिलो पटक एक प्रायोजित चिनियाँ विमान अवतरण भएको छ । यस अवतरणले यो विमानस्थल प्राविधिक दृष्टिकोणले ठीक रहेको देखाउने छ । डिजायन तथा निर्माणकर्ताको योग्यतामा खासै प्रश्न पनि छैन ।

प्रश्न छ, के व्यवसायिकरूपमा यो विमानस्थल सफल होला त ? यसको माग र निर्माण पूर्ण कुनै सम्भाव्य व्यवसायिक योजना बनेको देखिन्न । आज पर्यन्त कुनै अन्तर्राष्ट्रिय विमान सेवा यहाँ सञ्चालन हुने कुनै प्रत्याभुति छैन । हुँदा-हुँदा अब यस विमानस्थलको सम्भाव्य व्यवसायिक असफलताका लागि भारतलाई दोष देखाउने कुरा पनि उठ्न थालेको छ । जग जाहेर छ- चिनियाँ बिआरआई प्रोजेक्टअन्तर्गत बनेको यस विमानस्थलको सुसञ्चालनमा भारत कहिल्यै पनि सहयोगी रहने छैन । हुनसक्छ, यस विमानस्थलको ऋण नेपालको आर्थिक तवाहीको लागि एक मुख्य कारक बन्ने छ । त्यसो भए जानाजान गरिएको ठूलो आर्थिक नोक्सानीको कुनै पहिचान छैन त ? के कोही कुनै दायित्वको कानुनी भार बोक्नु पर्दैन त ?

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले २०७२ सालमा चीन सरकार र त्यहाँको एक्जिम बैंकको एक अर्ब ३७ करोड ८७ लाख ४० हजार चिनियाँ युआन ऋण नेपाल सरकारमार्फत लिएको थियो । जसमा एक्जिम बैंकबाट ३५ करोड ५९ लाख ३० हजार युआन निरब्याजी र एक अर्ब दुई करोड २८ लाख १० हजार युआन ब्याज तिर्ने सर्तमा गरी कूल एक अर्ब ३७ करोड चिनियाँ युआन ऋण सम्झौता गर्दै नेपाल सरकारले प्राधिकरणलाई पाँच प्रतिशत ब्याजदरमा (सहायक ऋण) उपलब्ध गराएको थियो । अहिले नयाँ सवाल उठेको छ । यस ऋणको सम्झौता हुँदाको बखत चीनले बिआरआई प्रोजेक्ट ल्याएको थिएन । पछि निर्माण सम्पन्न भएको तथा उद्घाटनको बखत यो परियोजना बिआरआईअन्तर्गत बनेको भन्यो । नेपालका अधिकारीहरूले यसको खण्डन गरे, आज फेरि चिनियाँ राजदुतावासले औपचारिकरूपमा तथा राजदुतले भाषणमा सोही कुरा दोहोर्‍याएका छन् । यहाँ फेरी सवाल उठ्छ, यदि यो विमानस्थलमा चिनियाँ लगानी बिआरआई प्रोजेक्टअनुसार नै भएको हो भने नेपालले बोकेको ऋण भार पूर्वअनुसार नै रहने हो कि थपघट हुने हो ? नेपाल सरकारले यसलाई स्पष्ट गर्नु पर्दछ ।

नेपाली कांग्रेसलाई अवनतिको सुरूङ्गमा हुल्ने 'लाउडा एयर' प्रकरणमा घिस्याइएको मात्र दुई आधार थियो : एक, बढी मूल्यमा र दुई, नाफाको प्रक्षेपण तथा व्यवसायिक योजना बेगर विमान लिजमा लिनु । यो परियोजना निर्माण गर्न बिना प्रतिस्पर्धा 'इन्जिनियरिङ, प्रोक्योरमेन्ट कन्ट्र्याक्ट' (इपिसी) मोडेलमा सिधै चीनको सिएएमसी इन्जिनियरिङ कम्पनीलाई जिम्मा दिइएको थियो । निर्माण भइसकेको छ । यसर्थ, लागत बढी भयो वा कम भयो-यसबारे हामी चर्चा मात्रै गर्न सक्छौं । तर, व्यवसायिक योजना बेगर यत्रो ठूलो ऋण लिनु, मुलुकलाई ऋणको भारमा डुबाउनु आर्थिक अपराध हो । यो गम्भीर छानबिनको विषय हो । यो अख्तियारको दुरूपयोग हो । यही आधारमा लाउडा एयर प्रकरणमा मुद्दा चलेको हो । लाउडा प्रकरणमा लेखा समिति, अख्तियार र अदालत सबै लाग्यो । के अहिलेको पोखरा र भैरहवाको विमानस्थलको हबिगतमा उही कुरा लाग्दैन ?

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | सम्पत्तिमा वृद्धि हुनेछ । स्वास्थ्य गडबड हुने योग छ । |
| वृष | : | प्रियजनसँग भेट हुनेछ । आध्यात्मिक लाभ मिल्नेछ । |
| मिथुन | : | रुकावट समाप्त हुनेछन् । विदेश यात्राको योग छ । |
| कर्कट | : | नातागोताको सहयोग प्राप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | सम्मानमा वृद्धि हुनेछ । तर, बाहिरी सहयोगमा भने कमी आउनेछ । |
| कन्या | : | पराक्रममा वृद्धिको योग छ । सामाजिक कार्यमा वृद्धि हुनेछ । |
| तुला | : | नयाँ सम्पर्क बन्नेछ । राजनीतिक सम्बन्धमा मजबूती आउनेछ । |
| वृश्चिक | : | नयाँ साथी बन्ने योग छ । नयाँ काम मिल्ने सम्भावना छ । |
| धनु | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । स्वास्थ्य कमजोर हुने योग छ । |
| मकर | : | सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्नेछ । |
| कुम्भ | : | सम्मानमा वृद्धि हुनेछ । साथीभाईबीच सुमधुर सम्बन्ध कायम हुनेछ । |
| मीन | : | विरोधी सक्रिय रहन्छ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# होन्डुरसको महिला कारागारमा झडप, ४१ कैदीको मृत्यु

**काठमाडौं/एजेन्सी–** मध्य होन्डुरसको महिला कारागारमा भएको हिंसामा परी ४१ जना कैदीको मृत्यु भएको छ। सरकारी वकिलको कार्यालयका प्रवक्ता युरी मोराका अनुसार अधिकांश मृतकलाई जलाइएको छ भने अन्यलाई गोली लागेको छ।

मोराका अनुसार अनुसन्धानकर्ताहरूले राजधानी तेगुसिगाल्पा नजिकैको तमारामा रहेको सुधार केन्द्रको अवलोकन पछि मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ। होन्डुरसका सुरक्षा उपमन्त्री तथा होन्डुरस पेनिटेन्टरी सिस्टमका प्रमुख जुलिसा भिल्लानुएभाले पत्रकार सम्मेलनमा भने, ‘मानवीय क्षतिबाट हामी मर्माहत भएका छौं। हाम्रो देशको दण्ड प्रणालीलाई संगठित अपराधले ‘अपहरण’ गरेको छ।’

होन्डुरसमायस्तै घटना सन् २०१९ मा पनि भएको थियो, जहाँ दुई पुरुष जेलमा भएको झडपमा गिरोहका ४० सदस्यको मृत्यु भएको थियो।




न्युयोर्क टाइम्सका अनुसार मंगलबार मृत्यु हुनेको संख्याले मध्य अमेरिकी देशको जेलमा भएको यो सबैभन्दा घातक दंगा हो। हालैका वर्षहरूमा महिला कारागारमा हत्याका घटनाहरू बढेका छन्। होन्डुरसमा दुई प्रतिद्वन्द्वी आपराधिक संगठनहरू, ‘एट्टिन्थ स्ट्रिट’ गिरोह र एमएस-१३ गिरोहका महिला सदस्यहरूबीचको मुठभेडको क्रममा धेरै कैदीहरूको घाँटी थिचेर हत्या गरिएको छ वा छुरा प्रहार गरिएको छ।

राष्ट्रपति सिओमारा क्यास्ट्रोले घटनाबाट आफू स्तब्ध भएको बताउँदै जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन कडा कदम चाल्ने प्रतिबद्धता जनाएका छन्।

उनले ट्वीटरमा लेखेका छन्, ‘कानून कार्यान्वयन गर्ने अधिकारीहरूको पूर्ण दृष्टिमा गिरोहहरूले दंगाको योजना बनाएका थिए।’

‘ह्युमन राइट्स वाच’ले सन् २०२१ मा होन्डुरसबारे तयार पारेको एउटा प्रतिवेदनमा भनिएको थियो, ‘जेलमा अत्यधिक भीडभाड, अपर्याप्त पोषण, सरसफाइको कमी, कुटपिट, अन्तर-गिरोह हिंसा र कैदीहरूको हत्याहरू व्याप्त छन्।’

द न्युयोर्क टाइम्सका अनुसार होन्डुरसको सामाजिक अनुकूलनका लागि राष्ट्रिय महिला कारागारमा करिब ८०० कैदीबन्दी रहेका छन्। सन् २०२० मा ‘इन्टर अमेरिकन कमिसन अन ह्युमन राइट्स’ले होन्डुरसका जेलहरूमा महिलाहरूको सुविधासहित ‘धेरै हिंसात्मक घटनाहरू’ रेकर्ड गरेको थियो।

## गोलाबारीमा चार इजरायलीको मृत्यु



**काठमाडौं/एजेन्सी–** एली समुदाय नजिकैको ग्यास स्टेशनमा मंगलबार दुई प्यालेस्टाइनीहरूले गोली चलाउँदा चार इजरायलीको मृत्यु भएको छ भने अन्य चार घाइते भएका छन्।

चारैजनालाई आपतकालीन उद्धारकर्ताहरूले घटनास्थलमै मृत घोषणा गरेका थिए। अन्य चारजनालाई अस्पतालमा भर्ना गरिएको छ जसमा एकको अवस्था गम्भीर छ, दुईजना सामान्य घाइते छन्। इजरायल डिफेन्स फोर्सले जनाए अनुसार चार जना घाइते मध्ये एक आमनागरिक हुन्।

सेनाले एलीको १ हजार बासिन्दाहरूलाई उनीहरूको घरमा बस्न र ढोका र झ्यालहरू बन्द गर्न भनेको छ।

यसैबीच रक्षा मन्त्री योभ ग्यालान्टले स्थितिबारे छलफल गर्न वरिष्ठ रक्षा अधिकारीहरूसँग बैठक गर्ने बताएका छन्।

आइतबार जेनिनमा भएको भीषण झडपपछि जुडिया र सामरियामा तनाव बढेको छ। सशस्त्र समूहहरूले सडक मुनि गाडिएको ४० किलो बम निस्तेज पारेको छ। यता हमासका प्रवक्ताले आक्रमणको प्रशंसा गरेका छन्।

## अमेरिकामा ब्याजदर थप बढ्ने सम्भावना

**काठमाडौं/एजेन्सी–** अमेरिकी केन्द्रीय बैंक, फेडरल रिजर्भ, का अध्यक्ष जेरोम पावेलले उच्च मुद्रास्फितिलाई नियन्त्रण गर्न अमेरिकी ब्याजदरमा थप वृद्धि आवश्यक पर्ने बताएका छन्। बैंकको फेडरल ओपन मार्केट कमिटी (एफओएमसी) ले एक वर्षभन्दा केही बढी समयको अन्तरालमा लगातार १० पटक ब्याजदर वृद्धि गरेपछि ब्याजदर स्थिर राख्ने पक्षमा अमेरिकी संसदमा मतदान गरेको केही समयपछि पावेल ‘हाउस’ र ‘सिनेट’समक्ष उपस्थित भएका हुन्।

प्रतिनिधिसभाको वित्तीय सेवा सम्बन्धी समितिका लागि तयार पारिएको टिप्पणीमा उनले भने, ‘एफओएमसीका प्रायः सबै सहभागीहरूले यस वर्षको अन्त्यसम्ममा ब्याज दरलाई केही हदसम्म बढाउनु उपयुक्त हुने अपेक्षा गरेका छन्।’

पावेलले बुधबार भने, ‘फेडले मार्च २०२२ देखि आफ्नो महत्वपूर्ण कर्जा दरलाई पाँच प्रतिशत अङ्कले बढाइसकेको छ, जुन शून्यको नजिकबाट ५.० देखि ५.२५ प्रतिशतको दायरामा पुगेको छ।


## वृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०३/०७

यस कार्यालयको सूचना मिति २०८०/०२/०९ गते ठेक्का नं. Mun/Brindawan/SQ/Work/HML/05/2079/080, को Supply Construction installation and commissioning of High Mast lightening Tower(Package-A) र ठेक्का नं. Mun/Brindawan/SQ/Work/HML/06/2079/080, को Supply Construction installation and commissioning of High Mast lightening Tower(Package-B) को बोलपत्र आव्हान सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा https://www.bolpatra.gov.np/egp/ मार्फत आव्हान गर्दा दर्ता हुनआएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः-**

| सि. नं. | ठेक्का न. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| 1 | Mun/Brindawan/SQ/WorkHML/05/2079/080 | Supply Construction installation and commissioning of High Mast lightening Tower (Package-A) | Karmada trade & suppliers pvt. Ltd. Baniyatar-08 Kathmandu, Nepal | 12,98,832.92 |
| 2 | Mun/Brindawan/SQ/Work/HML/06/2079/080 | Supply Construction installation and commissioning of High Mast lightening Tower (Package-B) | Drive Electronics Pvt Ltd. Balaju Naya Bazar , Kathmandu, Nepal | 12,98,832.92 |

प्रमुख प्रशासकीय अधिकृत



गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
## पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
गोरखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८०/०३/०७

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यको लागि मिति २०७९/१०/२७ गतेको हिमालय टाईम्स दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तोकीएको म्यादभित्र E-Bidding मार्फत प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताहरुको सबैभन्दा कम कबोल अंक भएको र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र. स | योजनाको नाम | बोलपत्र न. (Contract ID) | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | Roadway Connecting Simjung-Mahabhir-Ghyachowk-Ajirkot 4, 1 & barpark Sulikot 3 (IDO/GORKHA/NCB/W/R/43/2079-80) | IDO/GORKHA/NCB/W/R/43/079-080 | Karna-Nawakantipur JV, Maharajgunj, Kathmandu | ३१,९८,९३,२०३.३१ | |

नि. कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय, गोरखा



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०३/०७**

**बीरगंज मेरी स्टोप्स हेल्थ केयर प्रा.लि.** को मिति २०८०/०१/२८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेरी सर्भिस सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २७८५३३)** कायम गर्ने गरी मिति २०८०/०२/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/०२ मा दर्ता भएको **प्रा.लि. १८७६३१** को **श्री राम मल्टिपर्पोज प्रा.लि.** को मिति २०८०/०३/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः बाबु नेपाल, इजाजत पत्र नं. ३७०,ठेगानाः त्रिपुरेश्वर, काठमाडौं,**
**फोन नं. ९८४१५४०७०३ इमेलः babunepal9@gmail.com**



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : National Corporation For Tourism & Hotels — शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ — चलानी नं.: ६०१८९०९२ — L.T. No.:273539 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 30 | 0 | स. काममा दक्ष | 900 | ३२,१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४२,८२८ | | | | | | | |
| 3. | Chamberman/chambermaid | 30 | 0 | | 900 | ३२,१२१ | | | | | | | |
| 4. | Cleaning Supervisor | 5 | 5 | | 1800 | ६४,२४२ | | | | | | | |
| 5. | Cleaning Worker | 16 | 65 | | 900 | ३२,१२१ | | | | | | | |
| 6. | Foreign Food Cook | 10 | 0 | | 1500 | ५३,५३५ | | | | | | | |
| 7. | Kitchen Technician | 5 | 0 | | 2000 | ७१,३८० | | | | | | | |
| 8. | Laundry Labour | 20 | 0 | | 1000 | ३५,६९० | | | | | | | |
| 9. | Office Boy | 30 | 0 | | 1000 | ३५,६९० | | | | | | | |
| 10. | Office Girl | 0 | 30 | | 1000 | ३५,६९० | | | | | | | |
| 11. | Pastries Maker | 5 | 0 | | 1500 | ५३,५३५ | | | | | | | |
| 12. | Sandwich Maker | 10 | 0 | | 1400 | ४९,९६६ | | | | | | | |
| 13. | Storekeeper | 10 | 0 | | 1800 | ६४,२४२ | | | | | | | |
| 14. | Waiter | 50 | 0 | | 1200 | ४२,८२८ | | | | | | | |
| 15. | Waitress | 0 | 56 | | 1200 | ४२,८२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० असार १४ गते (29 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

AKP
Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196



## कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना
बिराटनगर, मोरङ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०८०/०३/०७**

यस कार्यालयबाट मिति २०८०/०२/०३ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको ठेक्का प्याकेजको लागि रीत पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract ID | Successful Bidder | Bid Amount: Excluding VAT(NRs.) |
|---|---|---|---|
| 1. | KBRMP/KOS/01/2079/080 | Arunodaya Nirman Sewa, Barakshetra-05, Sunsari | 97,80,724.12 |



## मलेसियामा रोजगार

कम्पनीः OTA TUNNEL SQUAD SDN BHD — शहरः MALAYSIA
पुर्व स्वीकृत मितिः २०८०/०१/१९ — चलानी नं.: ६०२००८७९ — LT. No.: 285456 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 21 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १४ गते (29 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १५१३/०७४/०७५
**Well Growing Recruitment (P.) Ltd.**
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal
Phone: 01-5916635 | www.wellgrowingrecruitment.com.np
email :- info@wellgrowingrecruitment.com.np
Mobile: 9866550748, 9842149452 , 9803138780, 9851275432, 9851130173, 9851149772



## मलेसियामा रोजगार

कम्पनी : TEKNITEK SERVICES (M) SDN BHD — शहरः Malaysia, SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०५/२२ — चलानी नं.: ६०१८७१६६ — LT. No.:271149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १४ गते (29 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com



## कतारमा रोजगार

कम्पनीः C T S CONTRACTING AND TRADING AND SERVICES — शहरः Qatar,DOHA
पुर्व स्वीकृत मितिः २०८०/03/08 — चलानी नं.: ६०२०३४६८ — LT. No.: 288137

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 10 | 0 | | 1100 | ३९,५५६ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३५,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १३ गते (28 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १४६९/०७४/०७५
**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३८३७०२०, ९८२३४८६६८२
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

# बक्स अफिस समाचार

## बालेनको निर्णयविरुद्ध चलचित्र संघ अदालत पुग्यो

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाभित्रका हलहरूमा कुनै पनि हिन्दी फिल्म चल्न नदिने मेयर बालेन शाहको निर्णयविरुद्ध चलचित्र संघ अदालत पुगेको छ। संघले बुधबार उच्च अदालत पाटनमा मुद्दा दायर गरेको हो। चलचित्र संघले दायर गररेको रिट बुधबार दिउँसो दर्ता भएको उच्च अदालत पाटनकी प्रवक्ता मन्दिरा शाहीले जानकारी दिइन्।

संघका कानूनी सल्लाहकार तथा अधिवक्ता जयलाल भण्डारीमार्फत उजुरी दर्ता गरिएको हो। मेयर बालेन शाह, नगर प्रहरी, गृह मन्त्रालय र सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयलाई विपक्षी बनाएर निषेधाज्ञाको मुद्दा दर्ता भएको छ।

काठमाडौं महानगरका मेयर बालेनले फिल्म 'आदिपुरुष'को सीता भारतीय छोरी हुन् भन्ने आशयको संवाद नहटाएको भन्दै काठमाडौं महानगरभित्रका हलमा भारतीय फिल्म प्रदर्शनमा रोक लगाएका थिए।






संघले काठमाडौंका हलमा हिन्दी चलचित्र सञ्चालन गर्न दिन अन्तरिम आदेश पनि माग गरेको छ। यो रिटमा बिहीबारका लागि पेसी तोकिएको छ।

संघले निषेध 'आदिपुरुष'का लागि मात्र भए केही नभएको बताउँदै महानगरले सबै हिन्दी फिल्म रोकेको र त्यो महानगरको क्षेत्रभित्र पर्छ कि पर्दैन भन्ने पनि थाहा हुने बताएको छ। यसैबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भारतीय फिल्म 'आदिपुरुष'मा सीताबारे विवादित संवाद रहेकैले सेन्सर गरेर मात्रै प्रदर्शन अनुमति दिइएको बताएकी छन्। मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न बुधबार आयोजित पत्रकार सम्मेलनका क्रममा उनले यस्तो बताएकी हुन्।

उनले स्टन्ट गरेर जनताको भावना खेल्नेभन्दा दीर्घकालीन समाधानको खोजीका लागि कानूनीरुपमा नै जानुपर्ने बताइन्। उनले नेपाली या भारतीय जनु भए पनि आपत्तिजनक वा नियमविपरीत पाइएमा सेन्सर गरेमा मात्रै प्रदर्शनमा जान दिने गरिएको बताइन्।

फिल्मको मूल दृश्यबाट उक्त संवाद हटाउन कूटनीतिक निकायममार्फत पहल गर्नुपर्ने बताउँदै उनले त्यसका लागि परराष्ट्र मन्त्रालयमा पत्राचार गरेको बताइन्।

## बहु चारित्रिक एक सिद्ध पात्रको कथा समेटिएको 'साइँला' सार्वजनिक

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ असार




मानिसले जीवनमा सुखको ठुलै चौतारी होस् भन्ने चाहन्छ। सुख प्राप्तिका लागि पैसा नै पहिलो साध्य हो भन्ने निचोड छ। पैसा कमाउनकै लागि विभिन्न तरिका अपनाएको पनि देखिन्छ। एउटा प्रेम जोडी केही सुखद जीवनको कल्पनामा रोजगारीका लागी बजार पस्छन्, आफ्नो क्षमताको काम गर्छन्। एक होटेलमा वेटरका रूपमा कार्यरत युवतीका बालसखा प्रेमी अर्कै युवतीसँग सोही होटेलको एक रुममा रसलीला गर्दा फेला पर्छन्।

वेटरका रूपमा कार्यरत केटीको पीडा र आँशु झनै बढ्छ। पैसा लिएर सेक्सवर्करको काम गर्ने उनका प्रेमी पैसाको लालची देखिन्छन। शहरले बेस्सरी अभावमा बाँच्न बाध्य पारेको उनी हरेक पेसाको पछाडि पैसा देख्छन् र आफ्नो जिन्दगी आफ्नो तरिकाले जिउने हो भन्छन्।

यता प्रेमिका प्रेमीको त्यो कदमले भित्री दिलबाट टुट्छिन्। अन्त्यमा रक्त क्यान्सरबाट प्रेमीको मृत्यु हुन्छ भने प्रेमिका गायब हुन्छिन् र अर्को खण्डमा यसको राज खुल्ने गरी कथाको अन्त्य हुन्छ। यो कथा राम्जी लामिछानेले आफूले निर्देशन गरेको हरि गिरी विमर्शीको 'साइँला' बोलको गीतको भिडियोमा उतारेका छन्।

फरक धारका गीतसंगीत सिर्जना गर्न माहिर मानिएका विमर्शीले मध्यान्हसँग कुरा गर्दै 'साइँला' अलिकति रिस राग, केही गुनासो, केही सद्भाव, शहर र रहरसँग परिवर्तितसँगै कसैको जीवनसँग खेलबाड अनि आफ्नै जीवनमा समर्पित एक बहु चारित्रिक एक सिद्ध पात्रको कथा भएको बताए।

विमर्शीको शब्द/संगीत, विश्वास नेपालको संगीत संयोजनमा सजिएको 'साइँला' बोलको गीतले रिलिज भएको छोटो समयमा राम्रो चर्चा कमाउँदै गएको छ। गीतमा बहुचर्चित लोकप्रिय गायिका शान्ति श्री परियार र समीक्षा अधिकारीको आवाज रहेको छ भने उनीहरूलाई विमर्शीले आवाजमा साथ दिएका छन्।

गीतको भिडियोमा नायिका पूजा शर्मा, बद्रीप्रसाद तिवारीले अभिनय गरेका छन्। शिव गिरी, शबु शर्मा, लक्ष्मी थापा मगर, विविशा क्षेत्री, प्रेक्षा कँडेल, पयास्ना गुरुङ (महारानी) र सिजन क्षेत्रीको समेत भिडियोमा अभिनय देख्न सकिन्छ।

मान कृष्ण महर्जनले खिचेको भिडियोलाई बान्दे प्रसादले सम्पादन गरेका छन् भने राजेन्द्र मोक्तानले भिडियोका दृश्यमा रङ भरेका छन्। गीतलाई शिरिष बस्नेतले निर्माण गरेका हुन् भने गीत विमर्शीको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक भएको छ।

## चेक रिपब्लिक र स्लोभाकियामा एभरेष्ट नेपाल कल्चरल ग्रुपको प्रस्तुति

**काठमाडौं/मस–** 'एभरेष्ट नेपाल कल्चरल ग्रुप'ले चेक रिपब्लिकको प्ल्जेन र स्लोभाकियाको मियावा शहरमा आयोजित अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपालको तर्फबाट गौरवमय प्रस्तुति दिएर फर्किएको छ।

विगत लामो समयदेखि सांस्कृतिक आदानप्रदान गर्दै विश्वसामु नेपाललाई परिचित गराउँदै आइरहेको 'एभरेष्ट नेपाल कल्चरल ग्रुप'ले चेक रिपब्लिकको प्ल्जेन र स्लोभाकियाको मियावा शहरमा आयोजित अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपालको तर्फबाट प्रस्तुति दिएर फर्किएको हो।

चेक रिपब्लिकको प्ल्जेनमा जुन ७ देखि ११ सम्म आयोजना भएको मेलामा नेपालसहित विश्वाका ७ राष्ट्र स्लोभाकियाको मियावा शहरमा जुन १३ देखि १९ सम्म आयोजना भएको मेलामा नेपालसहित विश्वाका ८ राष्ट्रको समूह सहभागी भएका थिए भने स्लोभाकियाको विभिन्न ठाउँबाट आएका २० भन्दा बढी समूहले भाग लिएका थिए।

नेपालबाट एभरेष्ट नेपाल कल्चरल ग्रुपका प्रमुख आरसी कोइराला (रामचन्द्र) को नेतृत्वमा सहभागी हुन त्यसतर्फ गएको टोलीमा एभरेष्ट नेपाल कल्चरल ग्रुपका निर्देशक शीतल आचार्यको निर्देशन रहेको थियो। वरिष्ठ नृत्य निर्देशक जोगेन्द्र केसीको नृत्य निर्देशन रहेको थियो भने संगीत सम्योजन राम बहादुर भुजेलको रहेको थियो।

टोलीले नेपालको परम्परागत लोक संस्कृति झल्काउने विभिन्न नृत्य प्रस्तुत गरेको थियो। उक्त मेलामा नेपालको तर्फबाट झ्याउरे, तामाङ, मारुनी, थाली, भैरब काली, धिमाल, कुमारी, लाखे, सोरठीलगायत दर्जनौं नृत्यहरू प्रस्तुत गरिएका थिए।

मेलामा एभरेष्ट नेपाल कल्चरल ग्रुपका प्रमुख आरसी कोइराला, वरिष्ठ नृत्य निर्देशक जोगेन्द्र केसी, नृत्यतर्फ नृत्य निर्देशक शम्भु शाही, कृष्ण रेउले, उत्तम शर्मा, भवानी कोइराला, चरिया गुरु चन्द्र मान मुनिकार, प्रमिला रिजाल, सपना महर्जन, गौरी ढकाल कोइराला, अनिशा श्रेष्ठ, चाहना राना मगर बाद्यबादन तथा गायक गायिका तर्फ वरिष्ठ बाँसुरीबादक रामबहादुर भुजेल, वरिष्ठ वाध्यबादक धनेश्वर तिवारी, वरिष्ठ लोक गायक रामप्रसाद पाण्डे, गायिका रीता बुढाथोकी भुजेल तथा प्रबन्धक डेक प्रशाद अधीकारी (गोपाल) लगायत सहभागी भएका थिए।




सहभागी अन्तर्राष्ट्रिय तथा नेपाली समूहका कलाकारहरुलाई नृत्य निर्देशक जोगेन्द्र केसीले नेपाली गीतमा नृत्य प्रशिक्षण गराएका थिए भने नेपाली समूहले विभिन्न देशको नृत्य प्रशिक्षण लिएका थिए।

स्लोभाकियामा भएको मेलाको उद्घाटन नेपालको चरिया नृत्य भैरब कालीबाट भएको थियो भने समापन पनि नेपाली चरिया नृत्य कुमारीबाट भएको थियो। एभरेष्ट नेपाल कल्चरल ग्रुपका प्रमुख आरसी कोइरालाको सल्लाहमा आयोजकले नेपाली नृत्यबाट उद्घाटन र समापन गरेका थिए। अन्य देशको तुलनामा नेपालको प्रस्तुतिलाई सबैले उत्कृष्ट भनेका थिए।

सोही अवसरमा समूहका प्रमुख आरसी कोइरालाले चेक रिपब्लिकको प्ल्जेन र स्लोभाकियाको मियावामा सम्बन्धित नगरपालिकाका प्रमुखहरू, उपस्थित सम्पूर्ण अतिथि तथा आयोजकलाई भेट गरी नेपालमा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावनाबारे र भविष्यमा यससम्बन्धी विशेष कार्यक्रमहरू सरकारी तथा गैरसरकारी निकायहरूको सहयोगमा गर्न सकिने बारेमा जानकारी दिएका थिए।

सांस्कृतिक कार्यक्रमको आदानप्रदानले नेपाललाई विश्वसामु चिनाउन सहयोग पुग्नुका साथै नेपाल बुद्धको जन्मभूमि हो भनेर जानकारी दिनसमेत मद्दत पुग्ने ग्रुपका प्रमुख आरसी कोइरालाले बताए। उनले सांस्कृतिक कार्यक्रमको प्रभाव जनस्तरसम्म पुग्ने र यस्ता कार्यक्रमलाई सरकारले पनि प्रवर्द्धन गर्नुपर्ने, तर नेपाल सरकारको तर्फबाट प्रोत्साहन नहुँदानहुँदै पनि निजीस्तरबाट सांस्कृतिक राजदूतका रूपमा मुलुक चिनाउने कार्यमा योगदान गर्न पाएकोमा गर्व लागेको बताए। उनले भविष्यमा पनि यस्ता सांस्कृतिक आदानप्रदानका कार्यक्रमहरू भइरहने जानकारी दिए।

## फिल्ममा डेब्यू गर्दै 'सकम्बरी'

**काठमाडौं/मस–** गायक प्रकाश सपूतको गीत 'सकम्बरी'बाट चर्चामा आएकी कुसुम शर्माले फिल्ममा डेब्यू गर्ने भएकी छन्। दिनेश श्रेष्ठको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'सञ्जिवनी' मा उनको अभिनय रहने भएको हो। फिल्ममा उनी अभिनेता आर्यन सिग्देलको जोडी बन्न लागेकी हुन्। मंगलबार एउटा पोस्टर सार्वजनिक गर्दै निर्माण टिमले फिल्मको नाम र मुख्य कलाकारको बारेमा जानकारी दिएको हो। सार्वजनिक पोस्टरमा आर्यन र कुसुम फिचर्ड छन्।

भदौबाट छायाँकन शुरु हुने फिल्ममा आर्यन र कुसुमका साथै श्रद्धा क्षेत्री, अर्जुन श्रेष्ठ, अन्सुया श्रेष्ठको पनि अभिनय रहनेछ। आशिर सुवेदी प्रस्तुतकर्ता रहेको फिल्म सिल्भर लेक पिक्चर्डको ब्यानरमा बन्न लागेको हो। निर्देशक श्रेष्ठले फिल्म लभस्टोरी कथामा बन्ने बताएका छन्।

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पनौती शाखा, पनौती नगरपालिका, काभ्रे
सम्पर्क फोन: +९७७-०११-४४०३१९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री हरि बहादुर खड्काको नाति, कृष्ण बहादुर खड्काको छोरा, बागमती प्रदेशे काभ्रे जिल्ला, पनौती नगरपालिका वडा नं. ६ हाल गैरीगाउँ - ६ बस्ने ४६ वर्षको श्री रामेश्वर खड्काको मिति २०७९/१२/१८ (ई.सं. ०१/०४/२०२३) मा मृत्यु भएकोले स्व. रामेश्वर खड्काको दाजुहरु हाल पनौती - ६ बस्ने श्री रामजी खड्का र राम चन्द्र खड्काले संयुक्त रुपमा मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पनौती शाखा, पनौती नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको सूचना**

मिति २०८०/०२/०४ गते काठमाडौं, बागबजार बसपार्क देखी आर. आर. क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं आउने क्रममा मेरो निम्न विवरण भएको ब्याचलरको ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध छ।

**नाम** : **उमेश न्यौपाने**
**रजिष्ट्रेसन नं.** : 6-2-40-660-2017
**ट्रान्सक्रिप्ट नं.** : A6235634
**ठेगाना: चौतारा साँगाचोकगढी न.पा.-२, सिन्धुपाल्चोक**
**सम्पर्क नम्बर: ९८१३८५१००३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८०/०३/०७**

**मर्चेनडाइज ट्रेडिङ्ग प्रा.लि.** को मिति २०८०/०२/२९ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सि.एस.इ. इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं.: २९६४११)** कायम गर्ने गरी मिति २०८०/०२/३२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**BAHARAIN मा रोजगार** | कम्पनी: **AMBALI CLEANING AND CONTRACTING**
शहर: **BAHARAIN**

पूर्व स्वीकृत मिति: २०८०/०३/०४ | चलानी नं.: ६०२०३४६९ | LT. No.:287922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 15 | | स. काममा दक्ष | 100 | ३४,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १४ गते (29 June 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ७९०/०६५/०६६

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१
Email : cv.protechnepal@gmail.com

**राजबिराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**मधेश प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/३/७**

यस कार्यालयबाट मिति २०८०/२/५ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आहवानको सूचना Invita मार्फत तोकिएको मिति भित्र दर्ता हुन् आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्र प्राविधिक तथा आर्थिक तवरले सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का न. | निर्माण कार्यको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको | | रकम रु. (मु. अ. क. तथा प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| | | नाम | ठेगाना | |
| Rmun RJB -SAPT-BCN-W-NCB-06-2079/080 bidding | Landscaping work around Rajbiraj Polytechnic Institute at Rajbiraj Municipality Ward No.1 | Bhagat Group of Construction Pvt. Ltd. | Baneshwar-10, Kathmandu | 44,15,025.29 |

**राजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजपुर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट निर्माणको लागि राय / सुझाव संकलन सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८०/३/७**

प्रस्तुत विषयमा यस राजपुर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य प्रारम्भ भईसकेको जानकारी गराउँदछौं। नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदत अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ का प्रावधानहरु स्थानीयकरण, दिर्घकालिन सोच, लक्ष्य र उद्देश्य अनुरुप हुने गरी नगरपालिकाको उपलब्ध श्रोत साधन, संस्थागत क्षमता समेतका आधारमा यस नगरपालिका अन्तर्गत नगर र विभिन्न वडास्तरमा संचालन हुने आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम समावेश गर्नु पर्ने विषयमा महत्वपूर्ण सुझाव सहित रचनात्मक, सहयोगात्मक लगायत आफ्ना अमूल्य राय / सुझाव यस नगरपालिकालाई उपलब्ध गराई दिनु हुन यस नगरपालिका अन्तर्गतका सबै वडा कार्यालय, विषयगत शाखा, सबै राजनैतिक दल, विज्ञ, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ / संस्था, शिक्षक, बुद्धिजीवि, पेसाकर्मी, सञ्चार जगत आम नगरवासि तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

**राय / सुझाव पठाउने ठेगाना**
**कार्यालयको इमेल : ito.rajpurmunrautahat@gmail.com/ ito.rajpurmunrautahat.gov.np/ raziquealam29@gmail.com**
**वा राजपुर नगरपालिकाको योजना अनुगमन तथा मूल्यांकन शाखा**

**नगर प्रमुख**



# नेपाल कुवेतसँग पराजित

**काठमाडौं/एजेन्सी–** दक्षिण एशियाली फुटबलको सबभन्दा ठूलो प्रतियोगिता १४औं पुरुष साफ च्याम्पियनसिपको आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ। भारतको काँतीराव स्टेडियममा बुधबार भएको उद्घाटन खेलमा नेपाल कुवेतसँग ३-१ गोल अन्तरले पराजित भएको हो । कुवेतको जितमा कप्तान खालिद हाजिह, शाबैब अल्खाल्दी र मोहमद अब्दुल्लाहले एक/एक गोल गरे ।

यता नेपालका लागि भने अन्जन विष्टले एक गोल फर्काए । खेलको २३औं मिनेटमा कप्तान खालिदले हेडरमार्फत गोल गर्दै कुवेतलाई शुरुवाती अग्रता दिलाएका थिए । त्यस्तै खेलको ४२औं मिनेटमा शाबैबले गोल गर्दै कुवेतलाई २-० को अग्रता दिलाए । खेलको ६५औं मिनेटमा मोहमदले पेनाल्टीमार्फत गोल गर्दै कुवेतलाई ३-० को अग्रता दिलाए। नेपालका डिफेन्डर अनन्त तामाङले पेनाल्टी बक्सभित्र ह्याण्डबल गरेपछि कुवेतले पेनाल्टीको अवसर पाएको हो ।

त्यसपछि खेलको ६८औं मिनेटमा नेपालका खेलाडी अन्जनले गोल गरे पनि नेपाल पराजित भयो । अन्जनको यो नेपालका लागि १२ औं अन्तर्राष्ट्रिय गोल हो । यस जितसँगै समूह 'ए' मा रहेको कुवेतले ३ अंक जोडेको छ। नेपालले भने हारबाट प्रतियोगिताको शुरुवात गरेको छ।

यस संस्करणको साफमा ८ राष्ट्रको सहभागिता रहेको छ । यस संस्करणको च्याम्पियनसिपमा नेपालसहित आयोजक भारत, बंगलादेश, कुवेत, लेबनान, भुटान, पाकिस्तान, माल्दिभ्सले सहभागिता जनाउने छन् । यस संस्करणमा कुवेत र लेबनानले आमन्त्रित टोलीको रुपमा रहेका छन् ।

अब नेपालले दोस्रो खेलमा शनिबार आयोजक भारतसँग खेल्नेछ । यस्तै तेस्रो तथा समूह चरणको अन्तिम खेलमा १२ असारमा पाकिस्तानविरुद्ध खेल्नेछ।

## 'ढुक्क भएर तयारीमा जुट्नुस्'



**काठमाडौं/मस–** राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले एसियाली खेलकुदको तयारीमा रहेका खेलाडीलाई ढुक्क भएर तयारी प्रशिक्षणमा केन्द्रीत हुन बताएका छन् ।

सातदोबाटोस्थित तेक्वान्दो, कराते र कुस्तीको बुधबार तयारी प्रशिक्षण अवलोकन गर्ने क्रममा सदस्य-सचिव घिसिङले सो कुरा बताएका हुन् ।

'तपाईंहरु ढुक्क भएर तालिममा केन्द्रित हुनुस् । अन्य समस्याका बारेमा तपाईंहरुले चिन्ता लिनु पर्दैन । समस्या समाधान गर्न हामी छौं ।' सदस्य-सचिव घिसिङले भने ।

प्रशिक्षण अवलोकनका क्रममा सदस्य-सचिव घिसिङले खेलाडीको प्रशिक्षण, खुराक, स्वास्थ्य अवस्था, वैदेशिक प्रशिक्षण, प्रशिक्षण स्थलको अवस्था, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता, खेलाडीको समस्यालगायतका विषयमा जानकारी लिएका थिए ।

## मुख्यमन्त्री कप फुटबल ओखलढुंगा सेमिफाइनलमा



**ओखलढुंगा/मस–** मुख्यमन्त्री कम फुटबलमा ओखलढुंगा सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार भएको प्रतिस्पर्धात्मक खेलमा झापालाई हराउँदै ओखलढुंगा सेमिफानल प्रवेश गरेको हो । झापालाई पेनाल्टी सुटआउटमा ५-४ गोल अन्तरले हराउँदै ओखलढुंगा सेमिफाइनल प्रवेश गरेको हो ।

पहिलो हाफमा कुनैपनि गोल हुन सकेन । दोस्रो हाफको शुरुवातमा झापाले ओखलढुंगाविरुद्ध अग्रता लियो । त्यसपछि ओखलढुंगाले एक गोल गरेपछि खेल १-१ को बराबरीमा आएको थियो । निर्धारित समयमा दुवै तर्फवाट १-१ को बराबरी भएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो । पेनाल्टी सुटआउटमा ओखलढुंगाका गोलकिपर रेवत मगरले झापाको उत्कृष्ट दुई वटा प्रहारलाई बचाए । ओखलढुंगाका एक खेलाडीले गरेको प्रहार भने गोलपोष्टबाट बाहिर गएको थियो ।

हारसँगै झापा खेलबाट बाहिरीएको छ । जारी प्रतियोगितामा सेमिफाइनल पुग्ने ओखलढुंगा पहिलो टिम भएको छ। प्रतियोगितामा पेनाल्टी सुटआउटको दुई वटा प्रहारलाई उत्कृष्टरुपमा बचाउने ओखलढुंगाका रेवन्त मगर म्यान अफ दि म्याच घोषित भए ।

# उसु खेलाडीलाई बधाई



**काठमाडौं/मस–** चीनको होङझावमा हुने १९ औं एसियाली खेलकुदअन्तर्गत उसुका लागि छनोट भएका खेलाडीको सम्मानमा नेपाल उसु महासंघले बुधबार बधाई कार्यक्रम आयोजना गर्‍यो ।

सो अवसरमा राष्ट्रिय खेलकुद परिषद्का सदसय समेत रहेका नेपाल उसु महासंघका अध्यक्ष जनक बर्तौलाले खेलाडीलाई उच्च मनोबलका साथ तयारीमा जुट्न आग्रह गरे ।

एसियाडका लागि उसुको थाउलोमा ७ र सान्सौंमा ५ गरी जम्मा १२ खेलाडी छनोट भएका छन् । थाउलोतर्फ छाङ छ्वानको पुरुषमा नेपाल आर्मीका विजय सिन्जाली तथा महिलामा आर्मीकै सुस्मिता तामाङ छनोट भए । नान् छ्वान अलराउन्डको पुरुषमा कर्णाली प्रदेशका दीपक हमाल तथा महिलामा बागमतीकी निमा घर्ती मगर छानिए । थाइची छ्वान अलराउन्डको पुरुषमा आर्मीका पासाङ शेर्पा तथा महिलामा आर्मीकै सविता राई छनोट भए । महिला चेन सु/छियाङ सुमा एपीएफकी कविता थापा छनोट भइन् ।

सान्सौंतर्फ पुरुष ५६ केजीमा एपीएफका रोहित चुनारा, ६० केजीमा एपीएफकै मंगलप्रसाद थारु, ६५ केजीमा नेपाल प्रहरीका समन घुस्री र ७० केजीमा आर्मीका पदम राई छनोट भए । महिला ५२ केजीमा आर्मीकी एलिना चौधरी छनोट भइन् ।

# राष्ट्रिय स्केटबोर्ड शनिबार




**काठमाडौं/मस–** नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघको आयोजनामा छैटौं राष्ट्रिय स्केटबोर्ड प्रतियोगिता शनिबार हुने भएको छ ।

प्रतियोगिताको पुरुषमा १ सय ५० पुरुष र महिलामा ४० गरी १ सय ९० खेलाडीको सहभागिता रहने आयोजक संघका अध्यक्ष अच्यूत खनालले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए ।

प्रतियोगिताको फाइनल खेल रविभवनस्थित नाथम कलेजमा हुनेछ। त्यसअघि शुक्रबार सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा खेलाडीको छनोट प्रतियोगिता हुनेछ । छनोट प्रतियोगिताबाट समान १०-१० पुरुष/महिला खेलाडी फाइनल चरणका लागि छनोट गरिने छ ।

पुरुष/महिलामा १/१ गरी २ स्पर्धामा खेल हुनेछ । दुवैमा फ्रिस्टायल बेस्ट रनमा प्रतिस्पर्धा हुने आयोजक संघका महासचिव सत्य थापाले जानकारी गराए । दुवै समूमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गर्ने छन् ।

काठमाडौंमा राष्ट्रिय प्रतियोगिता हुने लागेको यो तेश्रोपटक हो। बाँकी तीन संस्करण पर्यटकीय नगरी पोखरामा भएको थियो। यसैबीच संघले विश्व स्केट दिवसका अवसरमा बुधबारै ऱ्याली आयोजना गर्‍यो ।

# पब्जी टोली मकाउ प्रस्थान



**काठमाडौं/मस–** पब्जी मोबाइलमा सहभागी हुन ५ सदस्यीय नेपाली टोली बुधबार मकाउ प्रस्थान गरेको छ। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ र सदस्य अञ्जन धमलाले बुधबारै एक कार्यक्रमबीच बिदाइ गरे ।

सुविनकुमार प्रजापति (रुल्ज) को नेतृत्वमा जाने टोलीका अन्य खेलाडीमा साहस भण्डारी (किलर वाइटी), समिर गुरुङ (ग्यान्टे), दिपेश गुरुङ (डेल्टा) र संगिन भट्टराई (साङ) रहेका छन् ।

एसियाली खेलकुदको छनोटका रुपमा समेत रहेको पब्जी मोबाइलमा २४ टिमको सहभागिता रहने बताइएको छ । पब्जी मोबाइल जुन २३ देखि २६ तारिखसम्म हुनेछ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **Tokiyo Overseas Pvt. Ltd.** श्रम इजाजत पत्र नं. १३०७/०७४/०७५ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नं. |
|---|---|---|---|
| 1. | Awadhesh kumar chhipi dhobi | Managing Director | 0206600721 |
| 2. | Jag Narayan Prasad Thakur | Intr.Marketing Manager | 6614 |
| 3. | Surin Gautam | Manager | 1002/126440 |

Govt. License No.: 1307/074/075

TOKIYO OVERSEAS PVT. LTD.

Sinamangal -09 | Near Airport | Kathmandu | Nepal, Tel +977-1-4494008
E-mail: tokiyooverseas51@gmail.com, | Web: www.tokiyooverseas.com.np

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८०/०३/०७**

यस कार्यालयबाट चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलको सामान सप्लाई कार्य शिल( वन्दी बोलपत्रको माध्यमबाट गर्नको लागि मिति २०८०/०१/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्यांकन समितिबाट मूल्यांकन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले मूल्यांकन समितिको सिफारिस अनुसार उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.क. र पि.एस. बाहेक) |
|---|---|---|---|
| BRM/EES/NCB/ 17/2079/080 | ब्याट्री व्याकअप प्रणाली सप्लाई तथा जडान कार्य | बोहरा इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स, धनगढी, कैलाली । | रु.२१,३२,५८४.०० |

**प्रमुख प्रशासकीय अधिकृत्**

## केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ, कोशी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**सूचना प्रकाशित मिति: २०८०/०३/०७**

यस कार्यालयको मिति २०८०/०१/२६ गते प्रकाशित सूचना अनुसार तपशिल बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कनमा तपशिल बोलपत्रदाताहरु सफल भई निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**तपसिल**

**ठेक्काको नाम:** कृषि उपज संकलन तथा भण्डारण भवन निर्माण KRMC/MOR/W/NCB–19(079/080)
**मिति र समय:** २०८०/०३/१४ गते, दिनको १ बजे
**स्थान:** केराबारी गाउँ कार्यपालिकाको कार्यालय, केराबारी-१० मोरङ

| सि.नं | सफल बोलपत्रदाता | ठेगाना |
|---|---|---|
| १ | डिजे-कुटुम्ब-रेड अर्थ जेभि | मोरङ |
| २ | खान विल्डर्स एण्ड सप्लायर्स | सुनसरी |
| ३ | विष्णु विल्डर्स प्रा.लि. | काभ्रे |
| ४ | न्यू दिप ज्योति निर्माण सेवा | ललितपुर |
| ५ | माङ्सुवा निर्माण सेवा प्रा.लि. | झापा |

**प्रमुख प्रशासकीय अधिकृत**

सहजतातर्फ बैंकिङ क्षेत्र

# लगानीयोग्य तरलता बढ्यो अन्तरबैंक ब्याजदर घट्दै

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ६ असार ।

बैंकिङ क्षेत्रमा निक्षेप बढ्दै जाँदा लगानीयोग्य तरलताको वृद्धि हुन पुगेको छ । कर्जाको माग नबढ्दा भने अन्तर बैंक ब्याजदर घट्दै गएको छ । बैंकहरुमा निक्षेपको मात्रा निरन्तर बढ्दै जाँदा अन्तर बैंकको औसत ब्याजदर असार ५ गते ३.९ प्रतिशत हुन पुगेको छ । असार ३ गतेसम्मको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थामा कुल निक्षेप ५५ खर्ब ७३ पुगेको थियो भने कर्जा लगानी भने ४८ खर्ब ५५ अर्ब पुगेको छ ।

गत आवको तुलनामा चालु आवमा बैंकहरुमा निक्षेप ४ खर्ब भन्दा बढी भएको छ । गत आवको असार मसान्तमा ५१ खर्ब ५९ अर्ब रहेको थियो । तर कर्जा लगानीको वृद्धि भने १ खर्ब ४१ अर्ब मात्रैले वृद्धि भएको छ । बैंकहरुमा निक्षेप बढेसँगै असार ३ गतेसम्म औसत कर्जा निक्षेप अनुपात (सिडी रेसियो) ८३.८८



प्रतिशतमा झर्न पुगेको छ ।

विदेशबाट आउने रेमिट्यान्सको आप्रवाहमा भएको सुधारले गर्दा बैंकिङ क्षेत्रको निक्षेपमा सकारात्मक अवस्था देखिएको हो । त्यस्तै मन्दीको प्रभावले उद्योग, बजार, उत्पादन क्षेत्र र उपभोग्य क्षेत्र आवश्यकताअनुसार चलायमान हुन नसक्दा कर्जा लगानीमा सुस्तता छाएको छ ।

मौद्रिक नीति मार्फत् नेपाल राष्ट्र बैंकले अन्तरबैंक ब्याजदरलाई नीतिगत दरभन्दा २ प्रतिशत बिन्दुले मात्रै तलमाथि हुनेगरी कायम गर्ने लक्ष्य लिएको छ । त्यस्तै, ७ प्रतिशत नीतिगत ब्याजदर, ५ प्रतिशत अन्तरबैंक ब्याजदर र अन्तरबैंक ब्याजदर ९ प्रतिशतभन्दा माथि पुग्दा प्रणालीमा तरलता पठाउने लक्ष्य केन्द्रीय बैंकले लिएको छ ।

प्रणालीमा लगानीयोग्य तरलता वृद्धि हुँदै जाँदा बैंकहरुले विकास ऋणपत्रको ब्याजदर घटाएका छन् । गत पुसमा १०.९३ प्रतिशत पुगेको विकास ऋणपत्रको ब्याजदर अहिले असार ४ सम्म आउँदा घटेर ६.९३ प्रतिशत कायम भएको छ । प्रणालीमा अधिक तरलता भए पनि दीर्घकालीन ऋणपत्रको ब्याजदर नै बैंकहरुले घटाएका हुन् ।

## सनराइजद्वारा विद्यालयहरूमा प्याड एटिएम प्रदान



**काठमाडौं/मस** – सनराइज बैंकले विभिन्न विद्यालयहरूमा प्याड एटिएम प्रदान गरेको छ । बैंकले महिला स्वास्थ्य र महिलाहरूको सशक्तिकरणको लागि विद्यालयमा अध्ययनरत छात्राहरू तथा कार्यरत महिलाहरूलाई लक्षित प्याड एटिएम प्रदान गरेको छ ।

हाल विद्यालयमा व्यवस्थित शौचालय र सेनिटरी प्याडको व्यवस्था नहुँदा उनीहरू विद्यालय जान हिचकिचाउने गरेको देखिन्छ । यसै समस्यालाई अध्ययन गरी बैंकले विभिन्न विद्यालयहरूमा अटोमेटेड प्याड भेन्डिङ मेसिन प्रदान गरेको हो ।

एउटा सिक्का हाल्दा एउटा प्याड आउने ब्याट्री ब्याकअप सहितको उक्त मेसिनले छात्राहरू तथा विद्यालयमा कार्यरत महिलाहरूलाई आवश्यक पर्दा सजिलै प्याड लिन सकिने वातावरणको सिर्जना हुने बैंकले बताएको छ । बैंकले बुधबार एक कार्यक्रमकाबीच काठमाडौंको शान्ति विद्यागृह माध्यमिक विद्यालय, लैनचौरमा एक थान प्याड एटिएम र एक थान प्याड डिस्पोजल मेसिन हस्तान्तरण गरेको हो । बैंकका सहायक महा प्रबन्धक हरिप्रसाद आचार्यले, सिएसआर प्रमुख सुमन थापा र कान्तिपथ शाखा प्रमुख अनिल महर्जनको उपस्थितीमा विद्यालयका प्रधानाध्यापक शिव कुमारी बराल घिमिरेलाई उक्त सामान हस्तान्तरण गरेका हुन् । साथै बैंकले ललितपुर एकान्तकुनास्थित महेन्द्र भृकुटी माध्यमिक विद्यालयमा पनि सो मेसिन हस्तान्तरण गरेको छ ।

यसैगरी देशका विभिन्न ठाउँमा प्याड एटिएम प्रदान गर्ने क्रममा बैंकले मोलुङ्ग, किन्जा, डुम्रे, देउराली, बाग्लुङ्ग, वालिङ्ग, कावासोती, बर्दिवास, तेह्रथुम, विरेन्द्रनगर लयागतका ठाउँहरूमा उक्त मसिनहरू हस्तान्तरण गरिसकेको बताएको छ ।

## सामसङले ल्यायो नयाँ अफर




**काठमाडौं/मस** – सामसङले आफ्ना उपभोक्ताहरुका लागि शून्य प्रतिशत ब्याजदर रहेको वित्तीय सुविधायुक्त नयाँ अफर 'इन्स्टा फाइनान्स' प्रारम्भ गरेको छ । यो योजना २५ हजार रुपैयाँभन्दा बढी मूल्यका सामसङ स्मार्ट फोन खरिद गर्ने ग्राहकहरूका लागि लागू गरिएको कम्पनीले पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ । यो पहलको उद्देश्य भनेको नै नेपालभरका ग्राहकहरूले सजिलैसँग आफ्नो चाहना बमोजिमको स्मार्ट फोन किन्न सक्षम भई वित्तीय समावेशीकरणमा सहयोग पुऱ्याउनु रहेको कम्पनीको भनाइ छ ।

सामसङ नेपालका निर्देशक प्रणय रत्न स्थापितले भने, 'सामसङ बुधबार आफ्नो ग्राहकहरू कै कारणले यहाँसम्म पुग्न सफल भएको हो भन्नेमा विश्वास गर्दछौँ, हामी उनीहरूको आवश्यकता र जरुरतहरूलाई बुझ्दछौँ, त्यसैले हामी हाम्रो उत्कृष्ट उत्पादनहरू र सेवाहरू उपलब्ध गराउने गर्दछौँ, हामीले ल्याएको इन्स्टा फाइनान्स त्यस्तै एउटा मुख्य पहल हो, सासमङ इन्स्टा फाइनान्स ग्राहक केन्द्रित रहेको छ जसले ग्राहकहरूलाई सहजतापूर्वक सामसङको नवीनतम अत्याधुनिक प्रविधिमा अपग्रेड गराउन सक्छ ।'

प्रारम्भमा, सामसङले नेपालका सम्पूर्ण प्रमुख बजारका २०० वटाभन्दा धेरै शोरुमहरुमा यो इन्स्टा फाइनान्स सुविधा उपलब्ध गराउने उनले बताए । यो योजनालाई अर्को महिनासम्ममा आफ्नो नेटवर्कमार्फत बढाउँदै लग्ने योजना सामसङको रहेको छ । सामसङले भनेको छ, 'यो एक अत्यन्त महत्त्वपूर्ण पहल हो, जुन सामसङ जस्तो स्थापित ब्रान्डले आफ्नो उपकरणहरूलाई सुलभ तरिकाले सबैको पहुँचमा पुऱ्याउन शुरु गरेको छ, ग्राहकहरू जसले उत्कृष्ट स्मार्टफोनमा आफूलाई अपग्रेड गर्ने सोच बनाइराख्नु भएको छ, उनीहरुका लागि यो एक अत्यन्त सुवर्ण अवसर हो ।'

## उद्योग वाणिज्य महासंघ उद्योग समितिको उपसभापतिमा घिमिरे मनोनीत



**काठमाडौं/मस** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको उद्योग समितिको उपसभापतिमा नानीराज घिमिरेलाई मनोनीत गरेका छन् ।

उद्योग समिति महासंघको कार्यकारिणी समिति सदस्य राजेश कुमार अग्रवालको सभापतित्वमा गठन गरिएको थियो । उद्योग समितिलाई पूर्णता दिनका लागि गरिएको एक कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालले मनोनयन पत्र हस्तान्तरण गर्दै मनोनीत हुने व्यक्तित्वहरुले महासंघलाई सशक्त रुपमा अगाडी बढाउनका लागि तथा महासंघमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा महासंघ विश्वस्त रहेको बताए ।

## समृद्धि फाइनान्सको औरही शाखा उद्घाटन



**काठमाडौं/मस** – समृद्धि फाइनान्स कम्पनी लिमिटेडले औरहीमा पनि शाखा सञ्चालनमा ल्याएको छ । बैंकले बुधबार आफ्नो १०औं शाखाको रुपमा शाखा कार्यालय औरही, महोत्तरीको उद्घाटन गरेको हो । औरही नगरपालिकाका मेयर प्रदिप कुमार खडका र समृद्धि फाईनान्स लि.का संचालक दुर्गा थापाले संयुक्तरुपमा उक्त शाखाको उद्घाटन गरेका हुन ।

फाईनान्सको संचालक दुर्गा थापाको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा औरही नगरपालिकाको मेयर प्रमुख अतिथि रहेका थिए । संस्थाको नायब प्रमुख कार्यकारी अधिकृत गोकर्ण प्रसाद दुवाडीले सस्थाको परिचयका साथै सस्थाले उपलब्ध गराउने सेवा सुबिधाको बारे प्रकाश पार्दै स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा, औरही नगरपालिका वडा नं. १ का वडाध्यक्ष योगी चौधरी, औरही उद्योग बाणिज्य संघका प्रमूख श्रवण चौधरी र औरही नगरपालिकाको मेयर प्रदिप कुमार खडका लगायतले बैकको आवश्यकता र महत्वको विषयमा आफ्नो धारण राख्दै वैकको उत्तरोत्तर प्रगतिको शुभकामना दिए ।

अन्त्यमा, संस्थाका संचालकले यस ठाउँका बासिन्दाहरुको आवश्यकता बमोजिम वैकले आफ्ना सेवाहरु लाई परिमार्जन गर्दै गुणस्तरीय सेवा दिने कुरा विश्वस्त पार्दै कार्यक्रमको समापन गरे । उक्त नयाँ शाखा सहित देशभरी फाइनान्सको शाखा सञ्जाल १० वटा पुगेको छ । फाईनान्सले यसै हप्ता थप दुई वटा नयाँ शाखाहरु उद्घाटन गर्ने योजना रहेको जनाएको छ ।

फाईनान्सको आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, एसएमएस अलर्ट, क्लियरिङ्ग लगायतका सेवाहरु सञ्चालनमा रहेको छ । निक्षेपमा आकर्षक व्याजदर कायम गरेको सो संस्थाले हायर पर्चेज कर्जा, घर कर्जा, विपन्न वर्ग कर्जा, व्यावसाय कर्जा, व्यक्तिगत कर्जा लगायतका कर्जा प्रवाह गरिरहेको छ ।

## सिटिजन्सले ल्यायो बालिका शिक्षा तथा बाल विवाह न्यूनीकरण मुद्दती खाता



**काठमाडौं/मस** – ग्रामीण नेपालका बालिकाहरुको प्राथमिक शिक्षालाई प्रोत्साहन र बालविवाहलाई न्यूनिकरण गर्ने मुख्य उद्देश्यका साथ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड नेपालगञ्ज शाखा र नेपालगञ्ज उप-महानगरपालिका बाँके बीच 'बालिका शिक्षा तथा बालविवाह न्यूनिकरण मुद्दती खाता योजना' नामक कार्यक्रमका लागि सम्झौता भएको छ ।

सो योजनाको मुख्य उदेश्य बालिकाहरुलाई बाल विवाह हुनबाट बचाउने र शिक्षामा निरन्तरता कायम राख्ने रहेकोले बालिका शिक्षा तथा बाल विवाह न्यूनिकरण मुद्दतीखाता योजना कार्यान्वयनका लागि नेपालगञ्ज उप-महानगरपालिका विविध कोष अन्तर्गत बालिकाहरुको नाममा मुद्दती खाता खोली कार्यविधि बमोजिमको रकम खातामा जम्मा गर्ने रहेको छ ।

बालिकाहरुको लागि बैंक खाता खोल्ने र उपलब्ध सबै भन्दा अनुकूल ब्याज दरमा पच्चीस हजारको मुद्दती निक्षेप राख्ने सहमति भएको छ । यस कार्यक्रमले बालविवाह घटाउन र यस क्षेत्रका युवा छात्राहरूको प्राथमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षा पूरा गर्न महत्तवपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ । कोषको उचित सदुपयोग सुनिश्चित गर्न, खातावालाहरूले नेपालगन्ज उपमहानगरपालिका, बाँकेबाट सिफारिस पत्र प्राप्त गरेपछि मात्र रकम झिक्न सक्नेछन । आफ्नो शिक्षा सफलतापूर्वक पूरा गर्ने र २० वर्षको उमेर अघि विवाह नगर्ने बालिकाहरुलाई मात्र सो पत्र जारी गरिने बैंकले जनाएको छ ।

## नबिल इन्भेष्टमेण्ट र श्रीनगर एग्रिटेकबीच सम्झौता

काठमाडौं/मस - नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड र श्रीनगर एग्रिटेक इन्डष्ट्रीज लिमिटेडबीच सम्झौता भएको छ । बुधबार नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड र श्रीनगर एग्रिटेक इन्डष्ट्रीज लिमिटेडबीच संस्थागत परामर्श सेवा अन्तर्गत कम्पनीलाई सर्वसाधारणमा सार्वजनिक निष्काशनको कार्य गर्ने, कम्पनीलाई एक सूचीकृत कम्पनी बनाउने र आवश्यक पुँजीको उपलब्धता जस्ता समन्वयकारी/सहयोगी भूमिका निर्वाह गर्नेसम्मको कार्यका लागि संस्थागत परामर्श सेवा सम्बन्धी सम्झौता भएको हो ।

सो सम्झौता पत्रमा श्रीनगर एग्रीटेकको तर्फबाट प्रबन्ध निर्देशक सतीश चन्द श्रेष्ठ र नबिल इन्भेष्टमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनीष जोशीले हस्ताक्षर गरेका छन् । सार्वजनिक निष्कासनका लागि कम्पनी पब्लिक लिमिटेडमा रुपान्तरण भइसकेको छ ।

सो सम्झौतामा नबिल इन्भेष्टमेन्टले श्रीनगर एग्रिटेकलाई सर्वसाधारणमा सार्वजनिक निष्कासनका लागि आवश्यक पूर्वतयारीमा सहयोग गर्ने जनाएको छ । पूर्वतयारी सम्पन्न भएपछि नियामक निकायहरुबाट सार्वजनिक निष्कासनका लागि अनुमति माग गरिने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## नमस्ते पेले ल्यायो बम्पर अफर

**काठमाडौं/मस** – नमस्ते पेले नयाँ तथा विद्यमान दुवै ग्राहकका लागि विभिन्न अफर र क्यासब्याकको साथ नयाँ अभियान शुरु गरेको छ । यो अभियान २०८० साल असार ४ गतेदेखि शुरु भएको हो । यस अभियानअन्तर्गत बम्पर अफरका रुपमा दुई भाग्यशाली विजेताले ल्यापटप र स्कुटल जित्ने मौका पाउनेछन् । अफरका लागि योग्य हुन प्रयोगकर्ताले कुनै पनि सेवाको न्यूनतम दुई कारोबार पूरा गर्न आवश्यक छ ।

साप्ताहिक अफरहरु जस्तै स्मार्ट वाच, ट्राभल प्याकेज र उडान टिकटमा १०० प्रतिशत क्यासब्याकका लागि योग्य हुन प्रयोगकर्ताले कम्तिमा एउटा कारोबार एक हप्ताको अवधिमा गर्न आवश्यक छ । त्यसैगरी दैनिक अफरहरु जस्तै ५०० रुपैयाँ वालेट ब्यालेन्स, १ जीबी डाटा प्याक र १०० रुपैयाँ क्यासब्याक विशेषगरी नमस्ते पे का नयाँ प्रयोगकर्ताका लागि हुन् । यस अफरका लागि योग्य हुन प्रयोगकर्ताले नमस्ते पे एप डाउनलोड र दर्ताका साथै केवाईसी प्रमाणित गर्नुपर्नेछ ।

## कामना सेवा विकास बैंकको बोनस शेयर सूचीकृत

**काठमाडौं/मस** – कामना सेवा विकास बैंकको बोनस शेयर सूचीकृत भएको छ । नेपाल स्टक एक्सचेञ्ज नेप्सेले बुधबार बैंकको ४.४१ प्रतिशत बोनसपछिको शेयर सूचीकृत गरेको हो । नेप्सेका अनुसार बैंकको १३ लाख ८५ हजार ८७६ दशमलव ४६६७ प्रतिशत बोनस शेयर सूचीकृत गरेको हो । उक्त शेयर हितग्राहीको खातामा आएपछि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह मिडिया प्रा.लि. मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८० असार १५ गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
कमलपोखरी, काठमाडौं । फोन नं.: 01-5328298, 5326366
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८० असार १५ गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं । फोन नं.: 01-5328298, 5326366
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**